# कृषि विकास कार्यक्रम कार्यन्वयन कार्यविधी, २०७६

विषय प्रवेश

कृषि प्रसार कृषि विकासको एक विधा हो जसले कृषकलाई नयाँ नयाँ प्रविधिहरू अपनाउन प्रोत्साहन गरी फाईदा लिन सहयोग पु¥याउँछ । कृषि प्रसारले आवश्यक सवो सामग्रीको सदुपयोग गराउन सिकाउने मात्र हैन, कृषकका समस्याहरूको समाधान समेत खोजी कृषक कहाँ पु¥याउँछ । कृषकलाई वास्तविक अर्थमा सहयोग पु¥याउन फिल्डमा कामगर्ने प्राविधिकहरूले विशेष किसिमको व्यवहार गर्न सक्नुपर्दछ । उनीहरू अत्यन्त पारदर्शी, इमान्दार र कर्मठ बन्नुपर्ने कुराको साथै कृषकसँगको आचरणमा पनि ध्यान दिनुपर्ने हुन्छ । कृषकको पक्षमा आफूलाई प्रस्तुत गर्न सके मात्र कृषक विश्वस्त हुन्छन् र नयाँ प्रविधि स्वीकार्दछन् ।

विभिन्न प्रसारविज्ञहरूले कृषि प्रसारको परिभाषा एवं कार्यहरू आफ्नै ढगंबाट प्रस्तुत गरेको पाइन्छ, तापनि हाम्रो परिवेशमा प्रसारले मुख्यतया देहाय अनुसार तीन वटा कार्यहरू अँगालेको हुन्छ ।

१. शैक्षिक पक्ष यसले सूचना प्रवाह गरी जानकारी दिने, ठीक वेठीक छुट्याउन सक्ने सीप प्रदान गर्ने र सक्षम तुल्याउने गर्दछ ।
२. अवलम्बन पक्ष यसले नयाँ प्रविधि कार्य व्यवहारमा अपनाउन प्रोत्साहित गर्दछ ।
३. समाधान पक्ष यसले कृषकहरूको समस्यासँग परिचित रही विभिन्न निकाय वा व्यक्तिको समन्वयमा समाधान खोजी कृषककहाँ पु¥याउँदछ ।

१. कृषि प्रसार कार्यक्रम

विद्यमान पद्धतिमा मुख्यतया कृषकहरूलाई समूहमा संगठित हुन सहयोग पु¥याइन्छ र उनीहरूको समूहलाई नै कृषि प्रसारको सुनियोजित एवं सशक्त माध्यमको रुपमा उपयोग गरिन्छ । समूह सम्बन्धी अवधारणाहरू भिन्ना भिन्नै हुन सक्ने भएतापनि यिनीहरूलाई सामान्यतया कुनै खास उद्देश्य हासिल गर्नको लागि कृषि विकास सेवा एवं प्रविधि प्रवाह गर्ने एउटा माध्यमको रुपमा लिइएको छ भने कृषकहरूले पनि समन्वयात्मक तथा सहभागिताको आधारमा प्राविधिक एवं अन्य सुविधाहरू प्राप्त गर्ने साधनको रुपमा लिएका छन् । अतः कृषक समूह सक्षम र प्रभावशील बन्न आवश्यक छ । प्रभावशील कृषक समूहमा निम्न विशेषता सहित कार्य गर्ने क्षमता रहेको देखिन्छ ।

- निर्दिष्ट उद्देश्य, समान चाहना, समस्या पहिचान गर्न र समाधानको लागि निणर्य गर्ने क्षमता ।
- सबै सदस्यहरूको सक्रिय सहभागिता र भौतिक दूरी एकता तथा अन्य समानता ।
- बलियो र गतिशील नेतृत्व ।
- नियमित एवं कार्यमूलक वैठकहरू ।
- योजनावद्ध तवरले काम गर्ने परिपाटी र आय आर्जनमा बृद्धि ।
- आन्तरिक श्रोत साधनहरूको उपयोगमा जोड ।
- बाह्यश्रोत साधनहरू उपलब्ध गराउन कृयाशील ।

१.१ कृषक समूह

१.१.१ कृषक समूह गठन/पुनर्गठन

- गाउँका कृषकहरूलाई नयाँ समूहमा संगठित हुनको निमित्त कृषि प्रसार कार्यकर्ताहरूले लक्षित गाउँको विभिन्न ठाउँमा कृषक भेला गरी समूहको उपयोगिताबारे जानकारी गराउनुपर्दछ ।

- नयाँ समूह गठन गर्नुपर्दा स्थानीय जनसमुदायहरूको भेला गरी समूहमा आवद्ध हुन आग्रह गर्ने र स्वस्फूर्त रुपमा गठन भई कृषि विकास शाखामा सम्पर्क राख्न आउने समूहहरूलाई समेत समेटी प्राविधिक सहयोग पुऱ्याउनुपर्दछ ।
- कुनै स्थान विशेषमा पहिले देखि रहिरहेका कृषक समहूहरू छन् भने तिनको पहिचान गरी पुर्नगठन गर्नु ।
- शुरुमा प्राविधिकहरूबाट सहयोग र राय सल्लाहका साथ कृषक समूह गठन गर्दा अति आवश्यक रजिष्टर्ड, कपी, कलम, फाइल, कागज जस्ता सामग्रीहरू उपलब्ध गराउनु प्रभावकारी हुन्छ ।
- प्रत्येक आर्थिक वर्षमा नयाँ समूह भए गठन र पुराना भए पुनगर्ठन गरी कृषि सेवा केन्द्रहरूले समूह विवरण संकलन गर्नुपर्दछ ।
- कृषि विकास शाखामा कृषक समूह दर्ता गरी तिनीहरूको अभिलखे राख्ने कार्यलाई नियमित रुप दिनुपर्दछ । यसको लागि कृषक समूहहरूलाई आ-आफ्नो समूह विवरण फाराम सहित दर्ताको लागि आवेदन गर्न उत्प्रेरित गर्नुपर्दछ ।

## समूह दर्ताको लागि निवेदन तथा विवरण फाराम

श्री कृषि विकास शाखा
...................... ।

श्री कृषि विकास शाखा .............................. का सहयोगमा/हामी आफै संगठित भई ............... वडामा गठन भएका हाम्रो समूह दता गरी पाउन निम्न विवरण सहित या निवेदन गरेका छा ।

.............................
समूह अगुवाका दस्तखत
मिति

### समूहका विवरण

समूहको नाम ...................................................... स्थापना बष ............
नगरपालिका ............. वडा नं. ............. गाउँ ..........................................................................
समूहको मुख्य बाली १......................................२.......................................................३...................
समूहको उद्देश्य..................................................................................................................................
सदस्य संख्या दलित.................आदिबासी...............अन्य......................जम्मा.....................................
सदस्य संख्या पुरुष .................महिला ..................जम्मा ...............................................................
पदाधिकारीहरूको नाम

| क.सं. | नाम | पद | शैक्षिक योग्यता | उमेर | जग्गा क्षेत्रफल | दस्तखत |
|---|---|---|---|---|---|---|
| १ | | अध्यक्ष | | | | |
| २ | | उपाध्यक्ष | | | | |
| ३ | | सचिव | | | | |
| ४ | | कोषाध्यक्ष | | | | |
| ५ | | सदस्य | | | | |
| ६ | | सदस्य | | | | |
| ७ | | सदस्य | | | | |

नियमित वैठक वस्न दिन .................... प्रति महिना समूहको हितकोष संकलन हुन सक्ने रु. .......................
हाल सम्मका हितकोषमा जम्मा रकम रु. .......................

१.२. नगरस्तरिय कृषक तालिम
परिचयः कृषिका विभिन्न विषय विशेष तालिमहरू नगरस्तरमा १-३ दिनसम्म सञ्चालन गरिनेछ । यस तालिम १५-२५ जना कृषक सहभागी हुनेछन् ।
उद्देश्य : कृषकहरूको विषय विशेष ज्ञान सीप अभिबृद्धि गर्नु ।
कार्यविधि :
□ □तालिममा सहभागी छनौट गर्दा, समूहमा योगदान पुऱ्याएको, आफूले सिकेको कुरा अरुलाई सिकाउन अग्रसर रही गाउँको कृषि विकासमा केही गरौं भन्ने भावना भएको कृषक हुनुपर्नेछ । तालिममा महिला कृषकलाई प्राथमिकता दिई मिश्रित समूहबाट समेत सकभर महिला सहभागी छनौट गर्नुपर्नेछ ।

□ □तालिम व्यवस्थापनमा संलग्न हुने प्राविधिकहरूसँग मिली तालिम कार्यक्रम तयार गरी तालिम संयोजकले निम्नानुसार कार्य गर्नुपर्नेछ ।

- सहभागी हुने कृषकहरूलाई तालिमको जानकारी गराई सहभागी हुन बोलाउने ।
- शैक्षिक सामग्रीहरू (श्रव्य-दृश्य सामग्रीहरू) को व्यवस्था मिलाउने ।
- तालिम कार्यक्रममा फिल्ड भ्रमण, फिल्ड तालिम, फिल्ड अध्ययनको व्यवस्था भएमा सम्बन्धित संस्थाहरूसंग पूर्व सम्पर्क राखी कार्यक्रम निश्चित गर्ने ।

१.३. नगरस्तरिय कृषक तालिम
परिचयः कृषिका विभिन्न विषय विशेष तालिमहरू नगरस्तरमा १-३ दिनसम्म सञ्चालन गरिनेछ । यस तालिम १५-२५ जना कृषक सहभागी हुनेछन् ।
उद्देश्य : कृषकहरूको विषय विशेष ज्ञान सीप अभिबृद्धि गर्नु ।
कार्यविधि :
□ □तालिममा सहभागी छनौट गर्दा, समूहमा योगदान पुऱ्याएको, आफूले सिकेको कुरा अरुलाई सिकाउन अग्रसर रही गाउँको कृषि विकासमा केही गरौं भन्ने भावना भएको कृषक हुनुपर्नेछ । तालिममा महिला कृषकलाई प्राथमिकता दिई मिश्रित समूहबाट समेत सकभर महिला सहभागी छनौट गर्नुपर्नेछ ।

□ □तालिम व्यवस्थापनमा संलग्न हुने प्राविधिकहरूसँग मिली तालिम कार्यक्रम तयार गरी तालिम संयोजकले निम्नानुसार कार्य गर्नुपर्नेछ ।

- सहभागी हुने कृषकहरूलाई तालिमको जानकारी गराई सहभागी हुन बोलाउने ।
- शैक्षिक सामग्रीहरू (श्रव्य-दृश्य सामग्रीहरू) को व्यवस्था मिलाउने ।
- तालिम कार्यक्रममा फिल्ड भ्रमण, फिल्ड तालिम, फिल्ड अध्ययनको व्यवस्था भएमा सम्बन्धित संस्थाहरूसंग पूर्व सम्पर्क राखी कार्यक्रम निश्चित गर्ने ।

१.४ साना सिंचाइ विशेष कार्यक्रम
१. परिभाषा
साना सिंचाई विशेष कार्यक्रले पहाडमा बढीमा २५ हेक्टर र तराईमा बढीमा २०० हेक्टर सम्ममा (सिंचाई नीति) सिंचाई हुनेगरी नेपाल सरकारको तर्फबाट बढीमा रु. १ लाख ५० हजारसम्मको अनुदान दिने र उपभोक्ताको तर्फबाट कम्तीमा १५ प्रतिशत योगदान प्राप्त गरी सञ्चालन गरिने सिंचाईका स-साना स्किमलाई जनाउँछ । यो कार्यक्रम कृषक सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूहहरुमा केन्द्रित रहेर मात्र कार्यान्वयन गरिनेछ ।
जलश्रोत ऐन २०४९ अन्तर्गत मान्यता प्राप्त हुने गरी स्थापित उपभोक्ता संस्था र जि.कृ.वि.का./कृषि विकास शाखा अन्तर्गत वा अरु कसैबाट कृषि विकासको लागि स्थापित कृषक समूहहरु जस्ता उपभोक्ताहरुको सहभागितामा कार्यान्वयन योजना तयार पारी यस कार्यक्रम सम्बन्धी निर्देशिका अनुरुप कार्य सम्पादन गर्नुपर्नेछ ।

२. उद्देश्य

सिंचाईका स-साना स्किमहरु बनाएर कृषक सहभागिताको आधारमा देशका सम्पूर्णनगरपालिकाका कृषकलाई उत्पादन वृद्धिकोमाध्यमबाट आय आर्जनमा टेवा पुऱ्याउनुनै यसको प्रमुख उद्देश्य हो । यस कार्यक्रममा दलित, गरीब एवं महिला कृषकलाई प्राथमिकता दिइनेछ ।

३. प्रक्रिया

- सूचना प्रवाह गर्ने
- कृषक समूह/कृषक सहकारी संस्थाबाट निवेदन/दरखास्त लिने
- कृषि विकास शाखाबाट छनौट भएका स्किमहरु पारित गराउने ।
- लागत इस्टिमेट तयार गर्दा ५ प्रतिशत रकम कन्टिन्जेन्सी बापत छुट्टयाउने ।
- कम्तिमा १५ प्रतिशत रकम वा श्रमदान वा जिन्सी सामग्री उपभोक्ता/निवेदक संस्थाबाट योगदान लिने ।
- ओभरसीयर वा इन्जिनियर एवं कृषिका प्राविधिकहरुको रेखदेखमा स्किम कार्यान्वयन गराउने ।
- निर्धारित रकम सदपुयोग साथ स्किममा खर्च गरी फर फारक गर्ने ।
- कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने ।
- सम्पूर्ण प्रक्रियामा पारदर्शिता अपनाउने ।

१.५ उन्नत कम्पोजिट बीउ वितरण

कुनै स्थान विशेषमा सफलता पाएको कुनै पनि उन्नत या स्थानीय जातको बीउलाई सोही स्थानको आबहवासंग मिल्ने अन्य कुनै ठाउँमा उन्नत बीउ किट वा तरकारीको कम्पोजिट बीउ वितरण मार्फत विस्तार गर्न यो कार्यक्रम सञ्चालन गरिन्छ ।

उद्देश्य-

कुनै एक स्थानमा लोकप्रिय भएको बालीको बीउ त्यस स्थानको आसपासका कृषकहरूलाई जानकारी दिन सो बीउ प्रसारण गर्नु ।

कार्यविधि-

- कुनै एक ठाउँमा लोकप्रिय देखिएका स्तरीय बीउ खरिद गरी स-साना प्याकेटमा राखी निम्न कागजातहरू संलग्न राखी कृषकहरूलाई वितरण गर्नुपर्दछ ।
- बीउको जात, बीउ लगाउने समय, मल हाल्ने समय, सिंचाई गर्ने र कटानी गर्ने समय, अनुमानित उत्पादन, बीउ उपलब्ध हुने क्षेत्रहरू आदि विवरण भएको कागजातबाट सो बारे कृषकहरूलाई जानकारी गराउनुपर्दछ ।
- कृषकको नाम, ठेगाना, बीउ लगाईएको समय, प्रयोग भएको मलखादको मात्रा र समय, प्रयोग गरिएका प्रविधिहरू र समय, बीउ प्रति कृषकको धारणा जस्ता विवरणहरू रेकर्ड गर्नुपर्दछ ।
- कृषकले मन पराएमा सोही बीउबाट क्षेत्र विस्तार हुन्छ ।

१.६ क्रप कटिङ्ग

विभिन बालीको उत्पादन सम्बन्धी आंकडा संकलन गर्ने विधि अपनाई गरिने बाली कटानलाई क्रप कटिङ्ग भनिन्छ । मुख्यतया यो कार्यक्रम बाली उत्पादनस्तर/दर अनमुान गर्न सञ्चालन गरिन्छ ।

उद्देश्य-

कुन कुन बाली कति कति उत्पादन भयो भन्ने उत्पादनस्तर/दर निर्धारण गर्न आंकडा लिनु ।

कार्यविधि-

✓ नगरपालिकामा विभिन्न बालीहरूको कुल उत्पादन अनुमान गर्न र उक्त बालीले ढाकेको क्षेत्रफल बाली विशेष निम्नानुसार समूहमा विभाजन गरी प्रत्येक समूहले ढाकेको क्षेत्रफल अनुमान गर्नुपर्दछ ।

☐ ☐सिंचित क्षेत्रमा उन्नत जातले ढाकेको क्षेत्रफल

☐ ☐असिंचित क्षेत्रमा उन्नत जातले ढाकेको क्षेत्रफल

☐ ☐सिंचित क्षेत्रमा स्थानीय जातले ढाकेको क्षेत्रफल

☐ ☐असिंचित क्षेत्रमा स्थानीय जातले ढाकेको क्षेत्रफल

☐ ☐प्रत्येक उत्पादन प्रतियोगिताको कित्तामा निश्चित वर्गाकारकोनमूना क्षेत्रफलबाट बाली कटानी गर्नुपर्दछ। प्रति नमूना १० वर्ग मिटरको क्षेत्रफल कायम गर्नुपर्दछ र यस्ता ५ वटा चबलमकफष्शभम नमूनाबाट उत्पादन रकेर्ड लिनुपर्दछ।

१.७ बीउ बिजन आत्मनिर्भर कार्यक्रम

पृष्ठभूमि

कृषि क्षेत्रको विकास समयानुसार अघि बढी रहेको भएता पनि विगत एक दुई दशक यता अप्रत्यासित रुपमा जनसंख्या बृद्धि भईरहेकोले सोही अनुपातमा प्रति इकाई जमिनबाट उत्पादकत्वमा अभिबृद्धि गरी कृषि उत्पादनमा थप बृद्धि ल्याउनुअत्यावश्यक भएको छ। यस लक्ष्य प्राप्तिको लागि उत्पादनका प्रमुख कारक तत्वहरू सिंचाई, मलखाद, बाली संरक्षणको अलावा उन्नत बीउको प्रयोजन अति नै महत्वपूर्ण छ। स्तरीय बीउको प्रयोगबाट मात्र पनि उत्पादनमा १५-२५ प्रतिशत बृद्धि हुने तथ्य सर्वत्र सावित भई सकेको छ। नेपालमा हाल बीउ आपूर्ति गर्ने विभिन्न श्रोतहरू मध्ये कृषकहरू नै अग्र पंक्तिमा पर्दछन्। लगभग ९५% नेपाली कृषकहरूमा परम्परागत ढंगले खेती गरिएको बालीबाट बीउ संचय गरी धेरै वर्ष सम्म साल वसाली प्रयोगमा ल्याउने चलन छ। यस्तो किसिमको बीउ उन्नत जातको भएता पनि बीउको आनुवंशिक गुणस्तरमा ह्रास आईउत्पादनमा कमी भएको पाइन्छ। विद्यमान अवस्थामा कृषकले आफै संचय गरेको बीउमा उम्रने शक्ति र भौतिक शुद्धता न्यूनतम स्तरमा भएको पाइन्छ। अत: लगभग ९५% कृषकहरूले प्रयोग गर्दै आएको बीउको गुणस्तर सुधार्न सकेमा हालको कृषिको उत्पादनमा करिब २०% ले बृद्धि गर्न सकिन्छ।

उद्देश्य-

१) बीउमा आत्मनिर्भर बनाउन कृषकहरूको सहभागितामा गुणस्तरीय बीउ उत्पादन कार्यक्रम सञ्चालन गरी उचित मूल्यमा बीउको आपूर्ति समयमा गराउने।

२) कृषक समुदायमा गुणस्तरीय बीउको महत्व वारे जानकारी गराई यसको पय्रोग गर्न अभिप्रेरित गराउने।

३) राष्ट्रिय बीउ बिजन समितीबाट उन्मोचित नयाँ जातका बीउको समयमै बृद्धि तथा प्रसारण गराई उत्पादन अभिबृद्धिमा सहयोग पुऱ्याउने।

४) बीज बृद्धि कार्यक्रमलाई व्यवसायिकरण गर्ने तर्फ कृषक वा कृषक समूहलाई अभिप्रेरित गराउने।

कार्यक्रम तर्जुमा एवं सञ्चालन विधि

१) कृषि विकास शाखाले बीउ बिजनको महत्व एवं जिल्ला/नगर/गाउँपालिका भित्रका बीउ उत्पादन गर्न सकिने क्षेत्रहरू वारे कृषकहरूलाई जानकारी दिई उनीहरूलाई बीउ उत्पादन कार्यमा लाग्न प्रोत्साहित गर्ने।

२)प्रोत्साहित कृषकहरूसंग छलफल गरी सोही समयमा सही कृषकहरूको पहिचान गरी कृषक समूह गठन गर्ने र बीउ बिजन कार्यक्रममा संलग्न गराउने। कृषक छनौट गर्दा बीउ संचय गर्न सक्ने, उत्पादन साधन प्रयोग गर्न सक्ने, सहयोगी भावना भएका किसान वा कृषक समुह हुनुपर्नेछ। यस छलफलमा प्राविधिक ज्ञानको साथ साथै बीउ उत्पादक कृषकहरूलाई उत्पादित बीउ खाद्यान्नमा प्रयोग नगरी वेच विखन गर्नु पर्ने, वेच विखन कृषक आफैले वा कृषक समूहले नै गर्नु पर्ने जानकारी दिनु अति आवश्यक छ।

३)विभिन्न हिउँदे र वर्षे बालीहरूको बीज बृद्धि कार्यक्रम सञ्चालन गर्न क्षेत्रफल तोके पश्चात् आवश्यक श्रोत बीउ (मूल बीउ र प्रथम पुस्ता बीउ) को जात तथा परिमाण राष्ट्रिय बीउ बिजन समिति र बाली विकास निर्देशनालयलाई एक वर्ष अगावै पठाउनुपर्ने छ।

४)छनौट गरिएका कृषकहरूको खेत जग्गामा सिंचाई सुविधा हुनुपर्दछ, बीउ उत्पादनका लागि प्रति कृषक समूह पहाडमा न्यूनतम पाँच रोपनी र तराईमा एक हेक्टरको प्लट हनुपर्दछ। प्लट छनौट गर्दा समूहको निर्णयबाट एक भन्दा बढी कृषकहरूको प्लट वा एउटा मात्र कृषकलाई समावेश गर्नसकिनेछ।

५)उन्नत बीउ उत्पादन, बीउ संकलन, प्रशोधन, सुरक्षित संचय, र विक्री वितरण गर्ने तर्फ कृषक वा कृषक समूहलाई प्रोत्साहन गर्न आवश्यक सेवा टेवामा सहुलियत र सुविधाहरू प्रदान गर्ने।

६)कृषि विकास शाखाले सञ्चालन गर्ने विभिन्न शैक्षिक प्रदर्शन कार्यक्रमहरूको लागि मूल बीउ आवश्यक नभएको खण्डमा सञ्चालित बीज बृद्धि कार्यक्रमबाट उत्पादित प्रमाणित बीउलाई पनि प्रयोगमा ल्याउन सकिनेछ ।

७)बीज बृद्धि कार्यक्रमबाट उत्पादन गरिएको बाली, जात, बीउको स्तर, क्षेत्रफल, उत्पादन परिमाण र गुणस्तरको प्रतिवेदन आदि सम्पूर्ण विवरण हरेक बालीको कटानी पछि कृषि विकास शाखामा पठाउनु पर्नेछ ।

८)बीउ बालीको गुणस्तर नियन्त्रण गर्न नगर/गाउँपालिकाका तालिम प्राप्त प्राविधिकहरूले कमसेकम दुई पटक बीउ बाली निरीक्षण गर्ने ।

९)बीउ उत्पादक कृषकहरूलाई गुणस्तरयुक्त बीउ उत्पादनमा सहयोग पुऱ्याउन आवश्यकता अनुसार निम्न उपकरणहरू र सामग्रीहरूको व्यवस्था मिलाईनेछ ।

क) चिस्यान जाँच गर्ने उपकरण ९:यष्कतगचभ :भतभच०

(ख) बीउ छर्ने समयमा बीउ परीक्षण गर्न एभतचथ म्ष्कज तथा एबिकतष्अ त्चबथ, जसमा माटो वालुवा राखि बीउ परीक्षण गर्न सकिन्छ ।

(ग) बीउको नमूना लिने ९क्भभम क्कउभिच०

(घ) बीउ उपचार गर्ने ९क्भभम त्चभबतकभलत म्चगm०

(ङ) विभिन्न बालीको बीउको नमूनाहरू राख्ने ९एबिकतष्अ ऋयलतबष्लभच०

(च) :भबकगचष्लन त्बउभ

(छ) तराजु ९एबल तथउभ०

लक्षित वर्गः बीउ उत्पादक कृषक/कृषक समुह/कृषक सहकारी
अनुदानको किसिमः उन्नत जातको मुल बीउ ५० प्रतिशत अनुदानमा बीउ उत्पादक कृषक कृषक/कृषक समुह/कृषक सहकारीलाई उपलब्ध गराउने ।

## अनुसूची १

## कृषि विकास शाखाल भर्नुपर्ने विजवृद्धि कृषक समूहको विवरण

१. विजवृद्धिमा संलग्न कृषक समूहको नाम–

२. ठेगाना

३. समूहमा रहेका कृषकहरुको संख्या

महिला.........पुरुष............ कूल............

४. समूहको प्रकृति (बहुउद्देश्यीय/एकल)

५. समूहले विगतमा सञ्चालन गरेका गतिविधिहरु

क.

ख.

ग.

६. विजवृद्धिमा सञ्चालन गन शुरु गरेका मिति :

क) बालीहरु ..........................................................................................................................

ख) जातहरु ..........................................................................................................................

७. विजवृद्धि समूहको पूँजी

८. समूहको आमदानीका श्रोत

९. समूहको वैधानिकता (कृषि विकास शाखामा दर्ता/सहकारीमा दर्ता/जि.प्र.का.मा दर्ता/अन्य केही भए खुलाउने)

१०. समूहको आर्थिक कारोबारसँग सम्बन्धित व्यक्तिहरु

११. समूहको बैंक खाता सञ्चालन भए नभएका

क) भएका भए बैंक

ख) खाता नं.:

ग) बैंक मौज्दात

१२. समूहमा बीउ उत्पादन प्रविधिबार ज्ञान भएका कृषकहरुको सख्या र नाम

| क.सं. | कृषकको नाम, थर | सम्पर्क नं. |
|---|---|---|

| | | |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

१३. गत वर्षका समूहको बीउ उत्पादन र विक्रीका वासलात

| बाली | जात | क्षेत्रफल | उत्पादन | बीउको रुपमा विक्री | | | खाद्यान्नको रुपमा प्रयोग | बीउको रुपमा स्टक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | समुह भित्र | समुह बाहिर | जिल्ला बाहिर | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

१४. यस आ.व. ............... मा यस समूहल सञ्चालन गन विजवृद्धि कार्यक्रमका विवरण

क) विजवृद्धिमा संलग्न कृषक संख्या

ख) विजवृद्धिमा गरिन बाली जात, क्षेत्रफल आदि

| कृषकहरुको | बाली | जात | क्षेत्रफल | लगाइने | लगाइने | तालिम | कैफियत |
|---|---|---|---|---|---|---|---|

१५. समूहले उत्पादन गन बीउका अनुमानित परिमाण

१६. उत्पादित बीउका हुन सक्ने अनुमानित खपत

क) समूह भित्र

ख) समूह बाहिर

ग) जिल्ला बाहिर

समूहको प्रतिनिधि

नाम

पद

हस्ताक्षर

मिति

कृषि विकास शाखा प्रतिनिधिको

नाम पद

हस्ताक्षर

मिति

कृषि विकास शाखाले नगरस्तरीय बीउविजन आत्मनिर्भर कार्यक्रम अन्तर्गत विशेष सहयोग कार्यक्रममा आवद्ध हुन चाहने खाद्यान्न विजवृद्धि कृषक समूहको सहमति पत्र

संलग्न अनुसूची १ अनुसारको विवरण भएकाकृषक समूह ………………………………………… …………………………………………………………………… कृषि विकास शाखा …………………………सँग नगरस्तरीय बीउ विजन आत्मनिर्भर कार्यक्रम अन्तर्गतको विशेष सहयोग कार्यक्रममा आवद्ध हुनका लागि कार्यक्रम कार्यान्वयन निर्देशिका अनुसार काम गर्न मञ्जुर भई यो सहमत पत्र दिएका छौं । सो अनुसार नभएमा नियमानुसार सहुँला बुझाउँला भनी संस्थाका तर्फबाट हामी तपशीलका व्यक्तिहरुले कृषि विकास शाखा …………………… का अधिकृत प्रतिनिधिको नाम……………………… (पद) ……….. को रोहवारमा हस्ताक्षर गरेका छौं ।

तपशील

१) अध्यक्ष नाम हस्ताक्षर

२) सचिव नाम ,,

३) कोषाध्यक्ष नाम ,,

रोहवर कृषि विकास शाखाका प्रतिनिधि–

नाम

पद

हस्ताक्षर

मिति

१.८ मेटल सीडवीन वितरण

उद्देश्यः

- खाद्यान्न बालीहरुको बीउ विजनको भण्डारणमा हुन सक्ने नोक्सानीलाई सुरक्षा प्रदान गर्ने ।

कार्यविधिः

- खाद्यान्न बीउ विजन उत्पादन गर्ने व्यक्ति/समूहलाई सम्बन्धित कृषि विकास शाखाले मेटल सीडवीन वितरण गर्ने ।
- उच्च पहाडी जिल्लाहरुमा कम क्षमता भएका सी सेट का मेटलसीडवीन उपयुक्त देखिने भएकोले उक्त सेट वितरण गरिने ।
- नेपाल सरकारले निर्धारण गरेको दररेटको परल मूल्यमा १०० प्रतिशत अनुदान सहुलियतमा मेटल सीडवीन उपलव्ध गराइनेछ ।

लक्षित वर्गः बीज बृद्धि गर्ने कृषक, कृषक समुह/सहकारी

अनुदानको किसिमः बीउ भण्डारण गर्ने मेटल बीनमा ५० प्रतिशत अनुदान

१.९ बेमौसमी तरकारी खेतीको लागि प्लाष्टिक घर तथा थोपा सिचाँई

१.९.१ प्लाष्टिक घर निर्माणका लागि प्लाष्टिक टनेल वितरण

परिचय

बोट बिरुवाको सामान्य बृद्धि प्रक्रियाको लागि चाहिने आवश्यक बातावरणलाई प्रतिकूल मौसममा पनि प्लाष्टिक घरको सहयोगमा सो अनुकुलको वनाई उनीहरुको विकास र उत्पादन बृद्धि गर्ने प्रक्रिया र प्रविधि हो । एक रोपनीमा प्लाष्टिक घर बनाउन करिब ५६,८१५।- खर्च लाग्छ र त्यसमा बिशेष गरी बेमौसमी गोलभेंडा खेती गर्दा लगभग ८५,४००।- रुपैया प्रति बाली प्रति सिजनमा आम्दानी लिन सकिने कुरा बागवानी अनुसन्धान महाशाखा,खुमलटारको अध्ययनले देखाएको कुरा (डा. बुढाथोकी, २०६३) बजारमुखी तरकारी खेती भन्ने पुस्तकमा उल्लेख गरिएको छ ।

उद्देश्य

प्लाष्टिक घरमा बेमौसममा पनि मौसमी तरकारी जस्तै गणुस्तरको तरकारी उत्पादन गरी मौसमी तरकारीले भन्दा वढी आम्दानी लिन ।

निर्माण स्थलको छनौट

सम्म परेको पानी नजम्ने, हुरी बतास नलाग्ने, दिनभरी सूर्यको प्रकाश आउने जस्ता खुल्ला स्थानहरुमा निर्माण स्थलको छनौट गर्नु उपयुक्त हुन्छ ।

कुनकुन अवस्थामा प्लाष्टिक घरमा तरकारी खेती गर्ने ?

वढी वर्षाले निम्त्याउने रोग कीराबाट बालीलाई जोगाउन र जाडो मौसममा पनि वर्षे तरकारी खेती गर्न परेमा प्लाष्टिक घर प्रविधि अपनाइ तरकारी खेती गर्न सकिन्छ ।

कुन कुन तरकारी बाली कहिले लगाउने ?

यस भित्र सबै प्रकारका तरकारी बालीहरु लगाउन सकिएता पनि बेमौसममा बढी मुल्य जाने तरकारी बालीहरु जस्तै गोलभेंडा, कांक्रो, स्कुस, फर्सी र भेंडे खोर्सानीवाट धेरै फाईदा हुने कुरा विभिन्न अध्ययनहरुले देखाएको पाइएता पनि निम्नानुसारका तरकारी बालीहरुविभिन्न महिनामा लगाउन सकिन्छ ।

- चैत्र देखि श्रावण सम्मः मुख्य बालीको रुपमा तपसिलका मध्य कुनै एक बालीको खेती गर्ने ।
- गोलभेडा, भेडेखुर्सानी, हात्तीसुँडे खुर्सानी, अकवरे खुर्सानी
- कांँक्रा, जुकिनी फर्सी, तितेकरेला, तने वोडी

घुसुवा बालीको रुपमा तपसिलका मध्ये कुनै एक मुख्य बाली सँगसङ्गै लगाई खेती गर्ने ।

- बोडी, रातो कोसा हुने हिमाली लहरे राजमा, होचो बोडी र झ्याँङ्गे सिमी
- श्रावण देखि मंशिर सम्मः मुख्य बालीको रुपमा तपसिलका मध्ये कुनै एक बालीको खेती गर्ने ।
- गोलभेडा, भेडेखुर्सानी, हात्तिसुडे खुर्सानी, काउली
- कांँक्रा, रातो कोसा हुने हिमाली राजमा, चौमासे सिमी

घुसुवा बालीको रुपमा तपसिलका मध्ये कुनै एक बालीको खेती गर्ने ।

- प्याजको लागि सेट र लसुन य झ्याँङ्गे सिमी, झ्याँङ्गे बोडी य रायो, तोरी, पालुङ्गो, धनियाँ, ४० दिने मुला
- मंसिर देखि फाल्गुण सम्मः यी बालीहरु श्रावणमा लगाईएको मख्यु बाली भित्र कार्तिक भित्र रोप्नुपर्दछ ।
- जुकिनी फर्सि, काँक्रो, केराउ य काउली, ब्रोकाउली, बन्दा, ग्याँठ, रायो, पालुङ्गो, चम्सुर

कसरी बनाउने ?

आफनै गाउंघरमा पाइर्ने बाँसको प्रयोग गरी कम लगानीमा नै बनाउन सकिने प्रविधि हो । बाँसको प्रयोग गर्दा पाकेको सोझो र खिरीलो बाँस छान्नुपर्दछ । नपाकेको काँचो बाँस प्रयोग गर्नु हुदैन । काँचो बाँस प्रयोग गर्दा चांडै कुहिएर नोक्सान हुने भएकोले राम्रोसँग पाकेको बाँस प्रयागे गर्न सिफारिश गरिएको हो ।

कार्यक्रमको लक्षित बर्गः तरकारी खेतीको पकेट क्षेत्र, सिचाँईको व्यवस्था भएको

- व्यावसायिक रुपमा तरकारी खेतीमा संलग्न प्रगतिशिल कृषकहरु ।
- तरकारी खेतीमा संलग्न कृषक समूह ।
- तरकारी खेतीमा सहकारीकरण भएका कृषक सहकारीहरु ।

१.२० थोपा सिचाई कार्यक्रम

प्लाष्टिक घरमा समुचित सिँचाई पानीको प्रयोग गरि उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने थोपा सिचाँई एक नविनतम प्रविधि हो । कम सिचाई पानीमा अधिकतम उत्पादन लिन यस प्रविधिको विस्तार गर्न यो कार्यक्रम संचालन गरिन्छ ।

उदेश्य

- ☐ थोरै भन्दा थोरै सिचाई पानिबाट अधिकतम तरकारी उत्पादन गर्न ।
- ☐ समुचित सिचाँई पानिको प्रयोग गर्न ।

कार्यविधि

- ☐ बेमौसमी तरकारी खेती पकेट क्षेत्रको पहिचान गरि प्लाष्टिक घर भित्र खेती गर्ने कृषकहरुलाई थोपा सिचाँई सेट वितरण गर्ने ।

लक्षित वर्गः प्लाष्टिक घर भित्र तरकारी खेती गर्ने कृषकहरु

अनुदानको किसिमः ५० प्रतिशत अनुदानमा साना सिचाँई सेट वितरण

१.२१ च्याउ उत्पादन प्रर्दशन तथा च्याउ वितरण

१.२१.१ च्याउ उत्पादन प्रदर्शन (कन्ये तथा गोव्रे च्याउ)

कन्ये तथा गोव्रे च्याउ उत्पादन गर्ने प्रविधि कृषकहरु समक्ष पुऱ्याउन यो कार्यक्रम सञ्चालन गरिन्छ ।

उद्देश्य- कन्ये तथा गोव्रे च्याउ उत्पादन गर्ने प्रविधि कृषकहरुलाई प्रदर्शन गर्नु ।

कार्यविधि-

☐ ☐कन्ये च्याउ- यो प्रदर्शनको लागि आवश्यक पर्ने सामग्रीहरु पराल, प्लाष्टिक, च्याउको बीउ आदि व्यवस्था मिलाई कृषक समूह गठन भएको पकेट क्षेत्रमा प्रति कृषक समूह एउटा प्रदशर्न सञ्चालन गर्नुपर्नेछ ।

☐ ☐गोव्रे च्याउ- यसको लागि अति आवश्यक पर्ने सामग्रीहरु पराल, एमोनियम सल्फेट, कृषि चुन, युरीया, डि.ए.पी. तथा च्याउको बीउ र विषादी औषधिहरुको व्यवस्था मिलाई कृषक समूह गठन भएको पकेटमा प्रति समूह एउटा प्रदर्शन सञ्चालन गर्नुपर्नेछ ।

१.२१.२ च्याउ बीउ वितरण

उन्नत बीउ किट जस्तै गरी च्याउ खेतीमा अभिरुचि राख्ने कृषकहरुलाई च्याउको बीउ वितरण गरिन्छ ।

उद्देश्य- कृषकहरुलाई च्याउ खेती गर्न प्रोत्साहित गर्नु ।

कार्यविधि- च्याउ उत्पादन समूह वा च्याउ उत्पादन पकेट क्षेत्रका कृषकहरुलाई कम्तीमा ५० प्रतिशत अनुदानमा बीउ उपलब्ध गराउनुपर्नेछ ।

लक्षित वर्गः बजार क्षेत्रका साना किसान तथा फर्म दर्ता भएका कृषक, कृषक समुह/सहकारी

अनुदानको किसिमः उन्नत बीउ तथा प्लाष्टिक थैलीमा कम्तीमा ५० प्रतिशत अनुदान

१.२२ गोठेमलमूत्र तयार गर्ने प्रविधि (भकारो सुधार प्रदर्शन) :

यसमा गहुँत संकलन ट्यांकी निर्माण गरी यसको सकं लन तथा संरक्षण गरिन्छ । गहुँतलाई बालीमा सोझै प्रयोग गर्ने तथा भकारोमा मिसाई गोठेमलको गुणस्तर बढाउने कार्य गरिन्छ । भकारोबाट गहुँत मिसाउनको अलावा गोठेमलबाट प्रमुख खाद्यतत्व मध्येको नाइट्रोजन तत्व नष्ट हनु नदिनको लागि छापो दिने, मल तर्काउने र चुहिएर तथा उडेर नोक्सान हुन दिनबाट जोगाउने गरिन्छ । यस अन्तर्गत वस्तुको लागि गोठ बनाउदा मुत्र नचुहिने अर्थात चुहिएर खेर नजाने खालको बनाउन कृषकलाई प्रेरित गरिन्छ ।

स्थानीय स्तरमा पाउने ढुंगा, छपनी आदि प्रयोग गरी कृषककै सहभागितामा गहुँत बग्ने खालको गोठको भूई निर्माणमा जोड दिइन्छ साथै बगेको गहुँतलाई नली मार्फत संकलन ट्यांकमा जम्मा गर्न ट्यांक र नलीको व्यवस्था गर्न उत्प्रेरित गरिन्छ ।

उद्देश्य : गोठबाट गोबर तथा गहुँतलाई संरक्षण गरी गहुँतलाई सोझै बालीमा प्रयोग गर्ने तथा गोठेमलको रुपमा प्रयोगमा ल्याई मलको गुणस्तर बढाउने ।
प्राविधिक मापदण्ड -

- मुत्र संकलनको लागि गोठ सुधार (इटा, ढुंगा, वालुवा, सिमेण्ट, पात पतिङ्गर आदिका लागि)
- गोठेमल खाडल/थुप्रो माथि छहारीको व्यवस्था ज्यामी ३ जवान
- साईनवोर्ड २.५ फीट ह २ फीट

लक्षित वर्गः पशुपालन क्षेत्र (गाई तथा भैसी पालन)
अनुदानको किसिमः भकारो निर्माणमा ५० प्रतिशत अनुदान,

१.२३ माटो परिक्षण शिविर/माटो सप्ताह सञ्चालन तथा कृषि चुन वितरण
परिचय
योजनावद्ध रुपले खास ठाउकौ माटोको समस्यालाई प्रस्ट्याउन अभियानको रुपमा माटो परिक्षण शिविर सञ्चालन गरिन्छ । यस्तो शिविर एक हप्तासम्म सञ्चालन गरी माटो सप्ताहको रुप दिन पनि सकिन्छ ।
उद्देश्य

- ☐ ☐ कृषक सहभागितामा उर्वराशक्तिको जानकारी लिनुको साथै स्थलगत रुपमा माटो विश्लेषण गर्नु ।
- ☐ ☐ बाली उत्पादन क्षेत्रमा स्थलगत माटो विश्लेषण कार्य गरी माटो व्यवस्थापन सम्बन्धी प्रविधिहरु सिफारिश गर्नु । जस्तै अम्लीय माटो सुधारका लागि प्राविधिकको सिफारीस अनुसार कृषि चुन वितरण गर्नु ।

कार्यविधि :

- ☐ ☐ क्षेत्रीय माटो परिक्षण प्रयोगशालाले माटो परिक्षण शिविर सञ्चालन गर्न आवश्यक पर्ने रसायन, उपकरणहरु र प्राविधिक सेवा उपलब्ध गराउनुपर्नेछ ।
- ☐ ☐ कृषि विकास शाखाले कृषकहरुलाई कार्यक्रमवारे जानकारी गराई अन्य सबै व्यवस्थापन गर्नुपर्दछ ।
- ☐ ☐ नगर वा वडा स्तरीय माटो व्यवस्थापन तालिम संग आवद्ध गरी माटो परिक्षण शिविर सञ्चालन गर्नु प्रभावकारी हुन्छ ।
- ☐ ☐ माटो परीक्षण शिविर सञ्चालन कम्तीमा २ दिन
- ☐ ☐ पहिलो दिन माटो परीक्षण (१०० नमूना)
- ☐ ☐ दोस्रो दिन माटो व्यवस्थापन तालिम/अन्तरकृया

कृषि चुन प्रयोग : माटो परिक्षण नतिजाको आधारमा देखिएको अम्लियपन घटाउन यो प्रदर्शन गरिन्छ ।
उद्देश्य : कृषि चुन प्रयोग गरी माटोको गुणस्तर अभिबृद्धि गराउन कृषकहरुलाई उत्प्रेरण गर्नु ।
कार्यविधि : माटो परिक्षण शिविरको नतिजा तथा अन्य अध्ययनको आधारमा कृषि चुन प्रयोग गर्न आवश्यक स्थानमा प्रदर्शन प्लटको आधा जग्गामा सिफारिश गरिए अनुसार चुन प्रयोग गरि प्रदर्शन गर्नुपर्दछ ।
प्राविधिक मापदण्ड -

- ☐ कृषि चुन बढिमा ३०० के.जी.
- ☐ साईनवोर्ड २.५ फीटह २ फीट
- ☐ पहाड १ रो., तराई १.५ कठ्ठा

१.२४ वागवानी विकास कार्यक्रम
१.२४.१ फलफूल बिरुवा वितरण

आयमूलक व्यावसायिक फलफूल बगैंचा स्थापना गर्ने उद्देश्यले नगरमा बर्षे फलफुल (आपँ, लिची आदी) सुन्तलाजात फलफुल (सुन्तला, जुनार र कागती) हिउदे फलफुल (किवि फल आदी) समेतका फलफूल बिरुवा वितरण गर्ने लक्ष्य रहेको छ ।

कार्यविधिः

☐ फलफूल बिरुवाको मूल्यको लागि नेपाल मुलुकको सरकारी वागवानी केन्द्रहरु तथा निजीस्तरका फलफूल नर्सरीहरुवाट उत्पादित फलफूलको बगैंचाको हकमा नेपाल सरकारको पूर्व स्वीकृत प्रचलित दररेट वमोजिम र भारतवाट आयात गरिने स्याउ र ओखरका बिरुवाको हकमा सम्बन्धित क्षेत्रको चलन चल्तीको दरमा पत्रहरुको प्रतिस्पर्धाको आधारमा मूल्य निर्धारण गरिनेछ ।

- उपरोक्त फलफूलहरुको सम्भाव्य पकेटहरुलाई प्राथमिकता दिने र अन्य सभाव्य क्षेत्रहरुमा कृषक/कृषक समूहले व्यावसायिक फलफूल बगैंचा स्थापना गर्नुपर्नेछ ।
- व्यक्तिगत कृषक/कृषक समूहले कम्तीमा पनि एकै किसिमको बोट लगाउनुपर्नेछ ।
- सम्भाव्य पकेट क्षेत्रमा फलफुल बगैंचा निर्माणका लागि ५० प्रतिशत अनुदानमा बर्षे तथा सुन्तलाजता फलफुल र कम्तीमा ५० प्रतिशत अनुदानमा हिउदे फलफुलका विरुवाहरु वितरण गर्ने ।

१.२४.२ प्लाष्टिक क्रेट वितरण

फसलोपरान्त पश्चात् तरकारी तथा फलफुल भण्डारण, ढुवानी तथा बजारीकरणका लागि प्लाष्टिक क्रेट वितरण कार्यक्रम संचालन गर्ने लक्ष्य रहेको छ ।

उदेश्य

- उत्पादीत तरकारी तथा फलफुलको गुणस्तर नविगारी यथास्थीति कायम राख्न ।
- सजिलो भण्डारण, ढुवानी तथा हेण्डलिङ गर्न ।

कार्यविधि

- तरकारी तथा फलफुल (सुन्तला) को पकेट क्षेत्रमा कृषकहरुलाई आफ्नो उत्पादन सजिलै भण्डारण, ढुवानी तथा बजारीकरण गर्न प्लाष्टिक क्रेट वितरण गर्ने

लक्षित वर्गः तरकारी तथा फलफुलको पकेट क्षेत्र

अनुदानको किसिमः तरकारी भण्डारण गर्न प्लाष्टिक क्रेट कम्तीमा ५० प्रतिशत र फलफुल भण्डारण गर्न प्लाष्टिक क्रेट ५० प्रतिशत अनुदान

१.२५ उखु उत्पादन कार्यक्रम

क) प्राविधिक पक्ष

उखुको सेट प्रयोग गरी उखु खेती गर्ने प्रविधि प्रसार गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिन्छ । यो कार्यक्रम सञ्चालन गर्न उखु खेती गरिने पकेट क्षेत्रहरुलाई प्राथमिकता दिनुपर्दछ । कार्यक्रम प्रभावकारी बनाउन उखु उत्पादन गर्ने पकेट क्षेत्रमा सन्चालन गर्नुपर्नेछ ।

उद्देश्य

- उखुको सेटबाट उखु खेती गरि उत्पादन क्षेत्र विस्तार गर्ने ।
- उखुको सख्खर बनाउने मेसिनरी सामग्री विस्तार गर्ने ।

कार्यविधि

- कार्यक्रम सञ्चालन स्थलको छनौट गर्दा उखु उत्पादन गर्ने पकेट क्षेत्रमा सञ्चालन गर्नुपर्नेछ ।
- सेटबाट उखु खेती गर्न सिफारिश गरिएको प्रविधि अपनाउनुपर्दछ ।
- सख्खर बनाउन उखु पेल्ने मेशिनरी सामग्री तथा अन्य सामग्रीहरु विस्तार गर्नुपर्नेछ ।

लक्षित समूहः उखु उत्पादक कृषक ⁄ कृषक समूह
अनुदानको किसिमः उखुको सेट वितरणमा ५० प्रतिशत अनुदान, उखु पेल्ने मेशिन ५० प्रतिशत अनुदान

कफि नर्सरी तथा बगैचा स्थापना

कफि उत्पादन क्षेत्रमा स्थानीय कृषकद्वारा कफि बिरुवा उत्पादन गराई माग आपूर्ति गर्न तथा कफि बगान विस्तार गरी कफिको व्यवसायिक खेती गर्न यो कार्यक्रम सञ्चालन गरिन्छ ।

उद्देश्य

- कफि खेती गर्न इच्छुक कृषकलाई स्थानीय स्तरमै बिरुवा उपलब्ध गराउनु ।
- कफिको बगैचा विस्तार गरी उच्चतम गुणस्तरीय कफि निर्यात गराउनु
- रोजगारीको सिर्जना गराउनु ।

कार्यविधि

- यो कार्यक्रम सञ्चालन गर्दा कफि नर्सरी तथा बगान स्थापना गर्न सम्भाव्य पकेट क्षेत्रमा उन्नत कफिको बीउ तथा विरुवा उपलब्ध गराउनु पर्नेछ ।

लक्षित बर्ग: कफि उत्पादक कृषक समुह

अनुदानको किसिम: कफिको बीउ तथा बेर्ना ५० प्रतिशत अनुदानमा कफि पकेट क्षेत्रमा उपलब्ध गराउने ।

१.२७ कृषि यान्त्रिकरण–मेशिनरी औजार वितरण

कृषि उत्पादनमा आधुनिकीकरण, कम समयमा सरल तथा उन्नत प्रविधिबाट कृषिजन्य क्रियाकलाप गर्न कृषि यान्त्रिकरण कार्यक्रम अर्न्तगत विभिन्न मेशिन तथा औजारहरु वितरणका निमित्त यो कार्यक्रम संचालनमा ल्याईएको छ । देशमा विधमान कृषि क्षेत्रमा जनशक्तिको अभाव लाई निर्मुलीकरण गरी कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न यस कार्यक्रम लागु गरिएको छ ।

फलफूल बिरुवाको काँटछाँटमा आवश्यक पर्ने सिकेचर र आरी, को खेतीबालीको रोग कीरा नियन्त्रणको लागि विषादी छर्न प्रयोग हुने फुट स्प्रेयर, धानको थ्रेसर, मकै छोडाउने मेशिन, हाते ट्याक्टर आदीमा कृषकहरुलाई अनुदान दिने ।

उदेश्य

- कृषि क्षेत्रमा आधुनिकीकरण गर्न ।
- कृषि क्षेत्रमा जनशक्ति अभावलाई न्युनिकरण गरी कृषि उत्पादन बृद्धि गर्न ।

कार्यविधि

- पकेट क्षेत्र वा अन्य सम्भाव्य क्षेत्रहरुमा व्यावसायिक फलफूल बगैंचा लगाउने कृषक/कृषक समूहलाई सिकेचर र आरी, खाधन्न बाली क्षेत्रका कृषकहरुलाई धानको थ्रेसर, मकै छोडाउने मेसिन उपलव्ध गराउने ।
- प्रत्येक ३०० बोट वा १ हेक्टर जग्गामा बिरुवा लगाउने कृषक/कृषक समूह वा १० जवानको कृषक समूहलाई १ वटा फुट स्प्रेयर उपलव्ध गराउने ।
- तरकारी पकेट क्षेत्रहरुमा व्यावसायिक तरकारी खेतीमा सहयोग पुऱ्याउन खेतबारी खनजोत गर्न हाते ट्याक्टर उपलब्ध गराउने ।

लक्षित वर्ग: सम्वन्धित बालीको पकेट क्षेत्रका कृषकहरु

अनुदानको किसिम: हाते ट्याक्टरमा ५० प्रतिशत, थ्रेसर र मकै छोडाउने मेशिनमा ५० प्रतिशत

१.२८ योजना, बजार विकास तथा आर्थिक विश्लेषण

पहुचँ नपुगिएका तथा तालिम गोष्ठिबाट समेटन् नसकिएका विषयहरुको खेती प्रविधि तथा अन्य जानकारीहरु कृषकहरु माज सरल र सुलभ तरिकाबाट पहुचँ पुऱ्याउन ब्रोसर/लिफलेट, बुकलेट, फ्लेक्स ब्यानर छपाई तथा वितरण, कार्यक्रम तथा प्रगति पुस्तिका प्रकाशन, नगरपालिकामा सञ्चालित र सम्पादित कार्यक्रमहरु तथा भए गरेका प्रगतिको साथै अन्य विवरणहरु समेत सम्बन्धित सबैलाई जानकारी गराउने उद्देश्यले यस किसिमको प्रकाशन गरिन्छ ।

उद्देश्य

प्रत्येक कृषि विकास शाखाले आफ्ना सवै एकाईहरु (बाली, वागवानी, योजना, माछा आदि) लाई समेटी वार्षिक कार्यक्रम, प्रगति, विशेष कार्यहरु र जिल्लाका अन्य वस्तुगत विवरणहरु प्रकाशन गर्नु ।
कार्यविधि-

- यो पुस्तिका प्रत्येक आ.व.को प्रथम चौमासिक सम्ममा निकाल्ने गरी व्यवस्था मिलाउनुपर्नेछ ।
- कार्यक्रम तथा प्रगति पुस्तिकाको प्रकाशन गर्नुपर्नेछ ।
- बजार अनुसन्धान तथा तथ्याङ्क व्यवस्था कार्यक्रमबाट प्रकाशित कार्यान्वयन निर्देशिकामा दिईएको ढांचामा आवश्यकता अनुसार हेरफेर ल्याई अन्य विषयलाई समेत समेटन् सकिनेछ ।

१.२९ भ्रमण कार्यक्रम
१.२९.१ अन्तर जिल्ला कृषक भ्रमण
परिचय : कृषकहरूलाई वरपरका जिल्लाका उत्पादन स्थल वा फार्महरूमा भ्रमण गराउँदै आईएको भएतापनि हालको परिप्रेक्ष्यमा यस्तो भ्रमणलाई बाली उत्पादन कार्यक्रमसंग आबद्ध गराउनुपर्दछ । यस्तो भ्रमणबाट विभिन्न कृषकहरूले जिल्लाहरूमा कृषि प्रविधिहरूबारे अवलोकन गरी सिक्ने मौका पाउँदछन् ।
उद्देश्य - कृषकहरूलाई नौलो (उन्नत) प्रविधि देखाएर त्यसबाट प्रभावित भई नयाँ प्रविधि अवलम्बन गर्न सघाउ पुऱ्याउनु ।
कार्यविधि -

- भ्रमणको लागि केही पढेका, सिक्न सक्ने र सिकाउने भावना भएका कृषक वडा कार्यालयको सिफारीस अनुसार छनौट गर्नुपर्दछ ।
- भ्रमण कार्यक्रम (अवलोकन स्थल, वस्ने स्थान आदि) अग्रीम रुपमा तयार गरी भ्रमण गरिने स्थल एवं सम्बन्धित व्यक्तिहरू तय गरी भ्रमण कार्यक्रम प्रारम्भ गर्नुपर्दछ ।
- भ्रमणको सुरुमा परिचय लिने दिने गरी कार्यक्रम स्पष्ट रुपले वताई दिनुपर्दछ ।
- भ्रमणको क्रममा सबैलाई सक्दो सहुलियत दिई लाभप्रद तुल्याउनुपर्दछ र अन्त्यमा समीक्षा गर्नुपर्दछ ।

अवधि - ३-५ दिन कृषक आफनो वडाबाट भ्रमण शुरु गर्न, सदरमुकाममा भेला हुन र फर्कन बाटोको म्याद बाहेक)

१.३० टि.पि.एस. ९तचगभ उयतबतय कभभम० बियाँद्वारा बीउ आलु उत्पादन कार्यक्रम
क) प्राविधिक पक्ष
आलुको बियाँ प्रयोग गरी आलुखेती गर्ने प्रविधि प्रसार गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिन्छ । यो कार्यक्रम सञ्चालन गर्न आलुखेती गरिने पकेट क्षेत्रहरु खासगरी स्थानीय बीउ आलु प्रयोग गर्नुपर्ने क्षेत्र तथा उन्नत बीउ आलु ढुवानी गर्न पायक नपर्ने सिंचित क्षेत्रलाई प्राथमिकता दिनुपर्दछ । कार्यक्रम प्रभावकारी बनाउन आलुको पकेट क्षेत्रमा सन्चालन गर्नुपर्नेछ ।
उद्देश्य
आलुको बियाँ बाट आलु उत्पादन गर्ने प्रविधि प्रसारण गर्ने ।
कार्यविधि

- कार्यक्रम सञ्चालन स्थलको छनौट गर्दा आलुबीउ ढुवानी गर्न पायक नपर्ने क्षेत्र जहाँ बीउ आलुको अभाव हुन्छ, त्यस्तो पकेट क्षेत्रमा सञ्चालन गर्नुपर्नेछ ।
- बीयाँद्वारा बीउ आलुउत्पादन गर्न सिफारिश गरिएको प्रविधि अपनाउनुपर्दछ ।
- बाली तयार भैसकेपछि सम्बन्धित प्राविधिकको उपस्थितिमा कार्यक्रम संचालन पकेट क्षेत्र तथा आसपासका कृषकहरुलाई भेला गराई मूल्याङ्कन अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

लक्षित समूहः बीउ/खायन आलु उत्पादक कृषक/कृषक समूह
अनुदानको किसिमः टि.पि.एस.बीउ वितरणमा ५० प्रतिशत अनुदान

१.३१ अलैची उत्पादन तथा बजार प्रबर्धन कार्यक्रम

१.३१.१ अलैंची बीउ नर्सरी स्थापना निर्माण तथा बगैंचा विस्तार

परिचय

कगअपभचक (सकर्स) बाट अलैंची खेती विस्तार गर्दा विभिन्न भाइरस रोगको आक्रमण वढी देखिएकोले बीउबाट बिरुवा उत्पादन गर्ने परिपाटी वसाल्न यस किसिमको नर्सरीको स्थापना गरिन्छ। अलैचीको सम्भाव्य पकेट क्षेत्रमा अलैंची नर्सरी निर्माण तथा बगैंचाहरू स्थापना गरी उन्नत अलैंची खेती प्रविधि विस्तार, उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न यो कार्यक्रम सञ्चालन गरिन्छ।

उद्देश्य -

- अलैंची बीउबाट नै बिरुवा उत्पादन गर्न उत्प्रेरित गराउनु।
- नयाँ अलैंची नर्सरी निर्माण तथा बगैंचा विस्तार गरी कृषकहरूलाई अलैंची खेतीका लागि उत्प्रेरित गर्नु।

कार्यविधि- अलैंची बीउ नर्सरी स्थापना गर्ने कृषकहरूलाई निम्न शर्तहरू पूरा गराउनुपदर्छ।

☐ क्षेत्रफल कम्तिमा १.४ देखि २ रोपनीको हुनुपर्दछ।

☐ बिरुवाको गुणस्तर तोकिए बमोजिम हुनुपर्दछ र तेश्रो वर्ष देखि वार्षिक बिरुवा उत्पादन १०००० भन्दा कम हुनु हुंदैन ।

☐ नर्सरी कम्तिमा ५ वर्ष सञ्चालन गर्नुपर्दछ। सो नगरेमा नर्सरी धनीले लिएको अनुदान फिर्ता गर्नुपर्दछ।

☐ नर्सरी स्थल ढुवानीको दृष्टिकोणबाट पनि उचित स्थानमा हुनुपर्दछ।

☐ नर्सरी धनी स्वयमले उचित मूल्य निर्धारण गरी बिरुवा विक्री गरेरमात्र सुविधाहरू उपलब्ध गराउन सकिनेछ।

☐ यी शर्तहरू नर्सरी धनीसंग सम्झौतामा उल्लखे गरेर मात्र सुविधाहरू उपलब्ध गराउन सकिनेछ।

☐ अलैंची नर्सरी निर्माण तथा बगैंचा विस्तारका लागि पकेट क्षेत्रबाट सुहाउँदो स्थल छनौट गरी अलैचीको बीउ/विरुवा ५० प्रतिशत अनुदानमा वितरण गर्नुपर्दछ।

☐ अलैंची बीउ/बिरुवा लगायत अन्य आवश्यक उपकरण, विषादी तथा अन्य सामग्रीहरू नर्मस् अनुसार उपलब्ध गराउनु पर्दछ। अलैची नर्सरी निर्माणका लागि ग्रिन नेट ५० प्रतिशत अनुदानमा वितरण गर्ने।

☐ अलैँचीको फसलोपरान्त पछि गुणस्तर कायम राख्न तथा उच्च मुल्य निर्धारणका लागि अँलैची सुकाउने आधुनिक भट्टि निर्माणका लागि अनुदानको (५० प्रतिशत) व्यवस्थापन गर्नुपर्दछ।

लक्षित बर्गः अलैँचीको पकेट क्षेत्र, अँलैची नर्सरी फर्म दर्ता भएका लाई विशेष प्राथमिकता दिइने

अनुदानको किसिमः बीउ/विरुवा ५० प्रतिशत, ग्रिन नेटमा ५० प्रतिशत, आधुनिक अँलैची भट्टि निर्माणका लागि ५० प्रतिशत अनुदान

१.३१.२ अलैंची सुकाउने भट्टी निर्माण

अलैंचीको गुणस्तर तथा मूल्य मूख्यतः सुकाउने प्रक्रियामा निर्भर हुने भएकोले नगरमा उत्पादन हुने अलैंचीलाई उत्पादन थलोमा गुणस्तरीय सुकेको अलैंची उत्पादन गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ।

उद्देश्य : अलैंची सुकाउने प्रविधिमा एकरुपता ल्याई अलैंचीको दानाको मौलिक रंग र वास्ना कायम गरी कृषकहरुले अलैंचीको उचित मूल्य प्राप्त गर्ने।

कार्यविधि

- कार्यक्रम तर्जुमा गर्दा उत्पादन थलोहरुमा टेवा पुग्ने गरी लक्ष्य निर्धारण गर्ने।
- भट्टी स्थापना गर्ने स्थानमा अलैंचीको वगान उत्पादन दिने अवस्थामा पुगेको हुनुपर्ने।
- सहकारी एवं समूह मार्फत गरिने भए समूहको निर्णय र प्राविधिक दृष्टिकोणले पायक पर्ने जग्गामा गर्नुपर्ने। उक्त जग्गा व्यक्तिगत भए जग्गाधनीले समूहलाई लिखितरुपमा उपभोग गर्ने अनुमति दिनुपर्ने र सार्वजनिक

जग्गा भए सम्बन्धित वडा/न.पा. बाट समूह तथा सहकारीलाई उपभोग गर्न दिने अनुमति प्राप्त भएको हुनुपर्ने ।

- निर्माण कार्य शुरु हुनु अघि र सम्पन्न भैसकेपछि सो कार्यको अनुगमन गरी रेकर्ड अध्यावधिक राख्नुपर्ने ।
- भट्टीमा एकपटकमा ४०० के.जी. काँचो अलैंची सुकाउन सक्ने हुनुपर्ने । सुकेका दानाहरुमा मौलिक रंग र वास्ना कायम हुनुपर्ने ।
- स्थानीय दररेट वमोजिम उल्लेखित आवश्यक सामग्रीहरुको स्टिमेट गरी समूह तथा सहकारीलाई वास्तविक लागतको ५० प्रतिशत अनुदान दिई कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- प्राविधिक सल्लाह एवं सुझाव राष्ट्रिय मसला बाली विकास कार्यक्रम, खुमलटार, कृषि इन्जिनियरिङ्ग निर्देशनालय, तथा अलैंची विकास केन्द्र, फिक्कल बाट उपलब्ध गराइनेछ ।

लक्षित समूह : अलैंची उत्पादन गर्ने कृषक, कृषक समूह तथा सहकारीहरु ।
आशातित प्रतिफल : गुणस्तरीय सुकेको अलैंची उत्पादन भई कृषकहरुले अलैंचीको उचित मूल्य प्राप्त गर्ने ।
जिम्मेवार निकाय तथा व्यक्ति : सम्बन्धित नगरपालिकाको प्रमुख, कृषि शाखा प्रमुख तथा वागवानी विकास अधिकृत र अन्तर्गतका पकेट क्षेत्रमा कार्यरत प्रा.स./ना.प्रा.स. हरु ।

१.३२ मौरी विकास तथा मह उत्पादन कार्यक्रम

पृष्ठभूमि

मह एक पौष्टिक दृष्टिकोणबाट महत्वपुर्ण मौरी जन्य उत्पादन भएकोले यसको माग दिनानुदिन बढ्दै गईरहेको छ । मह मौरीबाट उत्पादन हुने एक प्रांगारिक उत्पादन भएकोले यसको उत्पादन र उत्पादकत्व बृद्धि गर्न सकेमा यसले सहजै अन्तरराष्ट्रिय बजार समेत पाउने र ब्यावसयिकताबाट आय आर्जनमा महत्वपूर्ण योगदान दिन सक्ने देखिन्छ ।

उद्देश्य

- ☐ एक घर एक घार भन्ने नारा सहित नगरका प्रत्येक घरलाई मौरी घार राख्न प्रेरित गर्ने ।
- ☐ दीगोरुपमा मौरीपालन कृषकहरु बृद्धि गर्दै सीमान्तकृत तथा गरीब कृषकको आयआर्जनमा बृद्धि गर्ने
- ☐ सम्भाब्य क्षेत्रका घर घरमा मौरी पालन भै महको सेवनबाट स्वास्थमा सुधार ल्याउने ।

लक्षित वर्ग

- ☐ गरीब तथा सीमान्तकृत कृषक समूहहरु यस कार्यक्रमबाट लाभान्वित हुनेछन्।

कार्यक्रमको सम्भाव्य प्रतिफल

कृषकहरु स्वःस्फूर्त भई मौरी पालनमा लागिरहने छन् । कम आयश्रोत भएका वा आर्थिक बिपन्नताका साथ जीवन यापन गरिरहेका कृषकहरुको दीगो रुपमा आय आर्जन बृद्धि भई जीवनस्तर तथा स्वास्थमा सूधार हुनेछ । साथै मौरी पालन उनीहरुमाझ पनि व्यावसायिक रुपमा अगाडि बढ्नेछ ।

कार्यविधि:

- मौरी चरनको लागि उपयुक्त भई सम्भाबित कार्य क्षेत्रहरुको छनोटको लागि कृषक समूहको मागको आधारमा स्थलगत निरिक्षण गर्ने ।
- कृषि प्राविधिक टोलीले स्थलगत निरिक्षण र मौरी पालनका लागि उपयुक्त क्षेत्रका कृषकहरुलाई ५० प्रतिशत अनुदानमा आधुनीक मौरीको घार उपलब्ध गराउने ।

१.३३ प्लाष्टिक पोखरी निर्माण –प्लाष्टिक सिथ वितरण

पृष्ठभूमि

सिंचाईको सुविधा नपुगेको क्षेत्रहरुमा कम लागतमा वर्षातको पानी संकलन र जमिनमा बगेको भल पानीका साथै घर र गोठ/गुहालीमा परेको आकाशे पानीलाई संकलन गरी कृषकहरुलाई सिंचाई सुविधा उपलव्ध गराउन अधिकतम रु. तीस हजार सम्म अनुदान सहयोग दिई कृषक वर्गमा राहत गर्न यो कार्यक्रम तयार गरिएको छ । व्यवसायिक तरकारी खेती

एवं आय आर्जनको पृष्ठभूमिमा सञ्चालन गरिने यो कार्यक्रम अनुसार कृषक/कृषक समूह/कृषि सहकारी संस्था/उपभोक्ता संस्था वा समिति लाई कार्यक्रम उपलब्ध गराईने छ।

उद्देश्य

- सिंचाईको सुविधा नपुगेका क्षेत्रहरुमा कम लागतमा प्लाष्टिक पोखरी निर्माण गरि तरकारी खेती लगायत विभिन्न सम्भाव्य बालीहरुको खेती प्रवर्द्धन गरी रोजगारी र आय आर्जन बढाई गरीवी न्यूनीकरणमा टेवा पुऱ्याउने।

परिभाषा

- प्लाष्टिक पोखरी भन्नाले सिंचाई सुविधा नपुगेको क्षेत्रमा पोखरीको क्षमता अनुसार प्रति प्लाष्टिक पोखरी २ देखि ३ रोपनी वा सो भन्दा वढी जमीनमा सिंचाई हुने गरी नेपाल सरकारको तर्फबाट प्लाष्टिक सिथ र अन्य आवश्यक सामाग्री खरिदको लागि अनुदान सहयोग र उपभोक्ताको तर्फवाट पोखरी निर्माणको लागि खाडल खन्ने लगायत अन्य कामको लागि आवश्यक खर्च उपलब्ध गराइ निर्माण गरिने पोखरीलाई जनाउँदछ।
- कृषि सहकारी संस्था/उपभोक्ता संस्था वा समिति/कृषक समूह भन्नाले मान्यता प्राप्त हुने गरी स्थापित सहकारी संस्था/उपभोक्ता संस्था वा समिति/जिल्ला कृषि विकास कार्यालय/कृषि विकास शाखा अन्तर्गत वा अन्य निकायवाट गठन एवम् दर्ता भई कम्तिमा एक वर्षको अवधि पुरा गरेका, नियमित बैठक बस्नुका साथै समूह सञ्चालन पद्धति एवम् प्रक्रियाहरु अनुसार सञ्चालन भैरहेका र कृषि विकासको लागि सकृय रुपले कृषि विकास शाखाको सम्पर्कमा रही क्रियाशील रहेका कृषक/कृषक समूहहरुलाई जनाउँदछ।
- आयोजना भन्नाले यस कार्यविधि अनुसार जिल्ला कृषि विकास कार्यालयको अनुदान सहयोग र उपभोक्ता संस्था/समिति/समूह/ व्यक्ति को नगद रकम वा जिन्सी वा श्रमदान समेतमा गरिने प्लाष्टिक पोखरी निर्माण योजनालाई जनाउँदछ।

छनौटका आधारहरू

छनौट गर्नु अगाडि देहायका आधारहरुलाई ध्यान दिनुपर्नेछ।

- मध्यपहाडी जिल्लाहरुमा सिंचाई सुविधा नपुगेका सुख्खा क्षेत्रलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गर्नु पर्दछ।
- कृषक समूहको लागि आयोजना छनौट गर्ने सम्बन्धमा नगरपालिका /कृषि विकास शाखा अन्तर्गत वा अन्य निकायवाट गठन एवम् दर्ता भई कम्तिमा एक वर्षको अवधि पुरा गरेका, नियमित बैठक बस्नुका साथै समूह सञ्चालन पद्धति एवम् प्रक्रियाहरु अनुसार सञ्चालन भैरहेका र कृषि विकासको लागि सकृय रुपले कृषि विकास शाखाको सम्पर्कमा रही कृयाशील रहेका कृषक समूहको लागि मात्र आयोजना छनौट गर्नु पर्नेछ।
- जन सहभागिताको आधारमा स्थानिय श्रोतको बढी परिचालन गर्ने सक्षम उपभोक्ता समिति वा संस्था/कृषक समूह/कृषकलाई केन्द्रित गरी कार्यक्रम सञ्चालन गर्नु पर्दछ।
- प्लाष्टिक पोखरी निर्माणको लागि उपभोक्ताले आफ्नै पहल र श्रमदानमा खाडल खन्ने प्रतिवद्धता गर्नु पर्नेछ।
- पोखरी निर्माण गर्दा मागमा आधारित व्यवसायिक तरकारी खेती गर्ने कृषकलाई केन्द्रित गरी गर्नु पर्दछ।
- छनौट भएका आयोजना सोही आर्थिक वर्ष भित्र पुरा हुनुपर्ने।
- प्रतिकुल वातावरणीय असर न्यून पार्ने किसिमका आयोजनाहरुलाई प्रोत्साहित गर्ने।
- नगर कृषि विकास समितिको निर्णयबाट यो कार्यक्रम स्वीकृत हुनेछ।

लक्षित वर्ग: सुख्खा क्षेत्रका कृषकहरु

अनुदानको किसिम: प्लाीष्टक पोखरी निर्माणका लागि प्लाष्टिक सिथ कम्तीमा ५० प्रतिशत अनुदानमा उपलब्ध गराउने।

१.३४ नगर कृषि विकास समिति सदस्यहरूबाट निरीक्षण/अनुगमन

कृषि उत्पादन उपभोक्ताहरू तथा कृषि विकास संग आवद्ध निकायहरूको समेत संलग्नता र सहभागिता जुटाई कृषि विकास कार्यक्रमलाई वढि प्रभावकारी वनाउन नगर कृषि विकास समिति रहने व्यवस्था छ। सोही अनुरुप नगरको प्रत्येक क्षेत्रहरूमा सञ्चालित कृषि विकास कार्यक्रमहरू उक्त समितिका सदस्यहरूबाट निरीक्षण तथा अनुगमन गरी गराई सञ्चालित कार्यक्रमलाई अरु वढी प्रभावकारी ढंगले अगाडि वढाउन यो कार्यक्रम तय भएको हो।

उद्देश्य–

- नगर कृषि विकास समितिका सदस्यहरूबाट नगरमा सञ्चालित कृषि विकास कार्यक्रमहरूको स्थलगत निरीक्षणबाट कृषकहरूको चाहना, समस्या र सम्भाव्यतावारे जानकारी लिनुको साथै सञ्चालन गरिएका कार्यक्रमहरूको सवल तथा निर्वल पक्षहरू माथि प्रत्यक्ष पृष्ठपोषण गरी/गराई कार्यक्रम कार्यान्वयमा प्रभावकारिता ल्याउनु।
- सम्बद्ध निकायहरूको कार्यक्षेत्र तथा योजनामा समन्वय अभिबृद्धि गरी उक्त समितिलाई आगामी समयको लागि कृषि विकास कार्यक्रम निर्माणमा निर्णय गर्न सघाउ पुऱ्याउनु।

कार्यविधि-

- नगरमा सञ्चालित विभिन्न कार्यक्रमहरू मध्ये कुन कुन कार्यक्रमको निरीक्षण/अनुगमन भ्रमण गर्ने हो समितिको वैठकमा निर्णय गरी कार्यक्रम अनुसार अनुगमन निरीक्षण गर्न सकिनेछ।
- यस भ्रमणको लागि उपलब्ध भएसम्म सरकारी गाडीको प्रयोग गर्ने र यसको लागि आवश्यक पर्ने इन्धन कार्यक्रममा स्वीकृत रकमबाट खर्च गर्नुपर्नेछ।
- सरकारी गाडीको व्यवस्था हुन नसकेको अवस्थामा मात्रै मिनीवस या अन्य गाडी भाडामा लिन सकिनेछ।
- अनुगमन भ्रमण गरेबापत समितिका सदस्यहरुलाई नियमानुसार भ्रमण भत्ता उपलब्ध गराउन सकिनेछ।

**१.३५ अन्तर कृषक समूह प्रतियोगिता**

जिल्लामा रहेका कृषक समूहहरूको क्रियाकलाप एवं प्रगतिको आधारमा प्रतिस्पर्धात्मक मूल्यांकन गरी उत्कृष्ट समूहहरूलाई पुरस्कृत गर्नको लागि यो प्रतियोगिता सञ्चालन गरिन्छ।

**उद्देश्य :** उत्कृष्ट समूहलाई पुरस्कृत गरी मनोबल बढाउने र कार्यमा सफलता लिने।

**कार्यविधि :** सर्वप्रथम प्रतियोगितामा भाग लिन चाहने जिल्ला भित्रका कृषक समूहहरूको पूर्ण विवरण लिई तिनीहरूलाई सुचीकृत गर्नुपर्दछ। स्थानीय निकायको प्रतिनिधि समेत जिल्लाका प्राविधिज्ञहरूको एक टोलीबाट निम्न आधारहरूमा मूल्यांकन गरी प्रथम, द्वितीय, तृतीय र सान्त्वना घोषित गर्नु पर्दछ।

| **क. सं.** | **मूल्यांकनका आधारहरू** | **पूर्णाङ्क** |
|---|---|---|
| १ | समूहको वैठक सञ्चालन र लिइएका निर्णयहरू | १० |
| २ | हितकोष स्थापना र परिचालन अवस्था | १० |
| ३ | नेतृत्वको छनौट र विकास क्रम | १० |
| ४ | समूहले छर छिमेकमा पुऱ्याएको कृषि प्रसार सेवा | १० |
| ५ | समूह विवरण तथा अन्य रेकर्ड | १० |
| ६ | ग्रामिण विकास वैंक लगायत सम्बन्धित सरकारी एवं गैर सरकारी निकायबीचको सम्बन्ध | १० |
| ७ | अन्य समूहसंगको सम्बन्ध तथा अतिरिक्त कृयाकलापहरू | १० |
| ८ | समूहको श्रृजनशिलता/अग्रसरता | १० |
| ९ | समूह भित्रको संस्थागत विकास/टिम स्पिरिट | १० |
| १० | समूहको कार्य सम्बन्धी वार्षिक योजना (सामाजिक सेवा समेतलाई विचार गर्नुपर्ने) | १० |

१.३६ उत्कृष्ट कृषक समूह सदस्य प्रतियोगिता

कृषक समूहहरूको उत्कृष्ट सदस्यहरूको यथार्थ पहिचान गरी पुरस्कृत गर्दा उनीहरू प्रोत्साहित भै काममा चाख वढ्न जाने हुँदा यस प्रतियोगिता अन्तर्गत वस्तुगत आधारमा उत्कृष्ट सदस्यलाई पुरस्कृत गरिन्छ ।

**उद्देश्य :** मानिस स्वभावैले आफ्नो कामको प्रतिफल चाहने प्राणी भएकोले जिल्लाका कृषक समूहहरूमा उत्कृष्ट काम गरी रहेका सदस्यहरूलाई उनीहरूको मनोबल वढाउँदै कदर गर्नु र अन्य सदस्यहरूलाई राम्रो काम गर्ने प्रतिस्पर्धात्मक वातावरण सृजना गर्नु ।

**कार्यविधि :** सर्वप्रथम कृषक समूहहरूलाई नै उत्कृष्ट सदस्यहरूको मूल्यांकन गर्न लगाउनु पर्दछ ।

कृषक समूहले गरेको निर्णयलाई कृषि सेवा केन्द्र तथा कृ.प.स.का.को संयोजकत्वमा गठित मूल्यांकन समितिले पुनरावलोकन गर्नु पर्दछ । कृ.प.स.का. का प्राविधिक/विशेषज्ञ र सम्बन्धित स्थानीय निकायका प्रतिनिधिको संयुक्त टोलीले निम्न आधारहरूमा सम्भाव्य सदस्यहरूको मूल्यांकन गरी जिल्लाका सम्पूर्ण स्थानीय निकायबाट वढीमा १० (दश) जना उत्कृष्ट सदस्यहरूको पहिचान गर्नु पर्दछ ।

| **क. सं.** | **मूल्यांकनका आधारहरू** | **पूर्णाङ्क** |
|---|---|---|
| १ | वैठक सञ्चालन र निर्णय लिन पुऱ्याएको योगदान | १० |
| २ | हितकोष स्थापना गर्न नियमित रुपले रकम जम्मा गरे/नगरेको | १० |
| ३ | नेतृत्व लिने क्षमता | १० |
| ४ | समूह सदस्यले छरछिमेकमा पुऱ्याएको कृषि प्रसार सेवा | १० |
| ५ | समूह सदस्यले अरु सदस्यहरूलाई पुऱ्याएको सहयोग | १० |
| ६ | सम्बन्धित सरकारी एवं गैर सरकारी निकाय संगको सम्बन्ध | १० |
| ७ | अन्य समूहसंगको सम्बन्ध | १० |
| ८ | नयाँ काम गर्न श्रृजनशिलता/अग्रसरता | १० |
| ९ | समूह भित्रको संस्थागत विकास/टिम स्पिरिटको भावना | १० |
| १० | समूहको कार्य सम्बन्धी वार्षिक योजना (सामाजिक सेवा समेतलाई विचार गर्नुपर्ने) | १० |

यसरी छानिएका १० जना कृषकलाई कृ.प.स.का. ले निर्धारित रकम पुरस्कार स्वरुप प्रदान गर्नु पर्दछ ।

१.३७ कृषक समुहको सहकारीमा रुपान्तरण

कृषक समुह प्रविधि प्रसारका लागि एक शसक्त माध्यम मात्र होइन छरीएर रहेका कृषकहरुलाई एकताबद्ध गरी उनीहरुको संस्थागत विकास गर्ने बाटो पनि हो । कृषक समूह गठन हुदैमा यसले परिपक्वता प्राप्त गर्दैन । एउटा समूह गठन भएर कार्यसञ्चालनको हिसाबले परिपक्व हुंदा सम्मको अवस्थालाई विभिन्न चार चरणमा विभाजन गरी हेर्न सकिन्छ । जस्तै - निर्माण अवस्था ९ँयचकष्लन क्तबनभ०, जागरण/मन्थनको अवस्था ९क्तयचकष्लन क्तबनभ०, विधान निर्माण/आचरण विकास अवस्था ९ल्यचकष्लन क्तबनभ०, र कार्यगत अवस्था  ९एभचायचकष्लन क्तबनभ० ।

समुह सबै चरण पार गरी परिपक्व हुने अवस्था सम्म आइपुग्दा समुहबाट गरीने कतिपय कृयाकलापहरु औपचारीक भैसकेका हुन्छन् । यस्तो अवस्थामा कृषकको समुहगत संस्थालाई कानूनीरुप मै स्थापित दिगो संस्थाकोरुपमा रुपान्तरण गर्न उपयुक्त देखिन्छ । यसका लागि कृषक समुहलाई सहकारी ऐन र नियमावलीमा टेकेर कृषि सहकारीमा रुपान्तरण गर्ने तयारी गर्दा उपयुक्त देखिन्छ । कृषकहरुको यस किसिमको संस्था कानूनतः स्थापित र दिगो हुन्छ । त्यति मात्र नभएर कृषकहरुले उत्पादन गरेको बस्तुको लागि सहकारी मार्फत बजारको पहुंचमा सहजता आउदछ ।

हाल भैरहेका अधिकांस कृषि सहकारीहरु त्यति प्रभावकारी नभएको परिप्रेक्ष्यमा कृषि सहकारीलाई निम्न बमोजिमका कृयाकलापमा सहभागि गराउन आवश्यक देखिन्छ :

क. कृषि सामग्रीहरु जस्तै मल, बीउ, बेर्ना, मेसिनरी, औजार, यन्त्र र उपकरणको बिक्रि बितरण;
ख. कृषि उपजहरुको खरीद तथा बिक्रि वितरण;
ग. कृषि उपजहरुको स्थानीय प्रशोधन जस्तै - सुकाउने, केलाउने, व्यागिङ र ट्यागिङ गर्ने;
घ. अत्यावश्यक उपभोगका बस्तुको बिक्रि वितरण जस्तै - चिनी, नुन, सावुन, चियापत्ती, मट्टितेल, खाने तेल, चामल, पिठो आदि;
ङ. बचत तथा ऋण;
च. बजार सूचना; र
छ. कृषि प्रसार सेवा ।

अत्यावश्यक उपभोगका बस्तुको बिक्रि वितरण, बचत तथा ऋण, बजार सूचना जस्ता कृयाकलाप संचालन गर्दा कृषि सहकारी संस्थाले बर्षैभरी काम पाउंदछ र सहकारी पनि बर्षैभरी खुल्ने सम्भावना हुन्छ । यसका अतिरीक्त सहकारीमा सेल्स, लेखा, र मेसिनरी, औजार, यन्त्र र उपकरणहरुको कष्टम हायरीङ्ग जस्ता कार्य संचालन गर्नका लागि स्थानीय व्यक्तिहरुले नियमित रोजगारी पाउदछन् ।

उद्देश्य : कानूनतः मान्यता प्राप्त कृषकहरुको दिगो संस्थाको विकास गर्ने तथा उत्पादनलाई बजार संग जोड्ने ।

कार्यविधि : यसका लागि देहाय बमोजिमका कृयाकलापहरु संचालन गर्ने :

- कृषक समुहमा समुहलाई सहकारीमा रुपान्तरण गर्ने बारे व्यापक छलफल गर्ने;
- समुहमा सहकारीको गठन, उद्येश्य र फाईदा बारे छलफल गर्ने;
- समुहलाई सहकारी शिक्षा सम्बन्धि तालिम आयोजना गर्ने;
- कृषि मेसिनरी, औजार, यन्त्र र उपकरणको कष्टम हायरीङ्ग र मेण्टेनेन्स र मर्मत सम्बन्धि तालिम आयोजना गर्ने;
- समुहलाई व्यवसाय संचालन, सहकारी लेखा र बचत तथा ऋण सम्बन्धि तालिम आयोजना गर्ने;
- समुहलाई सहकारीको विधान तयार गर्नका लागि सहयोग गर्ने;
- समुहलाई सहकारी दर्ता गर्नका लागि सहयोग गर्ने; र
- सहकारीलाई व्यवसाय आरम्भ गर्नका लागि कम्प्युटर, प्रिण्टर, टेलिफोन/मोवाईल, इण्टरनेट, बिद्युतिय जोख्ने तराजु, क्याल्कुलेटर, नगद राख्ने सेफ, कमसेकम एक बर्षको लागि लेखा सम्बन्धि रेकर्ड बुकहरु, अफिस फर्निचर, कष्टम हायरीङ्गका लागि पावर टिलर/ट्रयाक्टर उपलब्ध गराउने ।

२. करार खेती

विगतका केहि दशक देखि ग्रामीण युवाहरु शहरी क्षेत्र तथा विदेश तर्फ पलायन हुने क्रम बढि रहेको छ । यसबाट कृषि श्रमिकहरुको धेरै कमी देखा परेको र जमीन बांझै रहने, जमीनमा खेती गरियता पनि समयमा कृषि कार्य सम्पन्न गर्न नसकिने जस्ता समस्याले गर्दा उत्पादन तथा उत्पादकत्वमा ज्हास आएको महशुस भएकोछ । यस अवस्थामा नेपालमा कृषि यान्त्रीकरणको सुरुवात हुन थालेको पनि देखिएको छ । अर्को तर्फ कतिपय व्यक्ति वा कृषकहरु संग खेती गर्ने जांगर र ईच्छा भएता पनि उनीहरु संग जमीन छैन । यस्तो परिस्थितीमा करार ऐन २०५६ अनुरुप जग्गा करारमा लिएर खेती गर्ने व्यवस्थाको थालनी गर्न सकेमा कृषि विकासमा ठूलो फड्को मार्न सम्भव हुने भएकोले करार खेती कार्यक्रमलाई प्रोत्साहन दिनका लागि करार खेती कार्यक्रम राख्न आवश्यक देखिन्छ ।

उद्देश्य : कानूनीरुपमा जग्गा करारमा लिएर खेती गर्ने कार्यक्रमलाई प्रोत्साहन गरी कृषि उत्पादन र उत्पादकत्व बृद्धि गर्ने ।

कार्यविधि : यसका लागि देहाय बमोजिमका कृयाकलापहरु संचालन गर्ने :

- जग्गा करारमा लिने दिने बारे समुदायमा व्यापक छलफल गर्ने;
- जग्गा करारमा लिने र दिने व्यक्तिहरुको सूची तयार गर्ने;
- जग्गा करारमा लिने व्यक्तिहरुका लागि व्यावसायिक खेती बारे तालिम आयोजना गर्ने;
- करार ऐन २०५६ बमोजिम जग्गा करारमा लिने र दिने व्यक्तिहरुका बीच सम्झौता गर्न सहयोग गर्ने; र
- करार खेती गर्ने कृषक वा समुह लाई प्राविधक सेवा टेवा उपलब्ध गराउने ।

३. कृषि प्रसारमा संस्थागत बहुलता र निजीकरण

कृषि क्षेत्रमा संलग्न सेवा प्रदायकहरुलाई हेर्ने हो भने मुख्यतया तीन किसिमका सेवा प्रदायकहरु देखा पर्दछन् - सरकारी संस्था, गैर सरकारी संस्था र निजी संस्था । सामान्यतया, सरकारी र गैरसरकारी संस्थाहरु आफ्ना कार्यक्षेत्र र प्राथमिकताका आधारमा कृषक र भौगोलिक क्षेत्रमा सेवा प्रवाह गर्दछन् भने निजी क्षेत्र मूख्यतया लाभ हुने काम र क्षेत्रमा संलग्न हुन्छन् । यीनै तथ्यका आधारमा यस्ता सेवा प्रदायकहरुलाई सहभागि गराउने नीति अवलम्वन गर्न उपयुक्त देखिन्छ । जस्तै - सरकारी र गैर सरकारी संस्थाहरुलाई भौगोलिकरुपमा विकट तथा गरिब, विपन्न, सामाजिक भेदभाव भोगिरहेका र विभिन्न किसिमका जोखिममा जीवनयापन गरिरहेका समूहहरुलाई सेवा पुऱ्याउनका लागि संलग्न गराउने नीति लिनु पर्दछ ।

गैरसरकारी संस्थाहरु सामाजिक परिचालनको क्षेत्रमा प्रभावकारी देखिएका छन् । तसर्थ, कुनै निश्चित समूह वा दुर्गम क्षेत्रका विपन्न र गरिब वर्गका लागि सेवा पुऱ्याउनका लागि गैरसरकारी संस्थाहरु परिचालन गर्ने नीति अवलम्बन गर्न उपयुक्त हुन्छ ।

त्यस्तै, व्यावसायिकरुपमा कृषि कार्य गरीरहेका कृषक, व्यवसायी र उद्यमीहरुलाई सेवाटेवा पुऱ्याउनका लागि निजी क्षेत्रहरु जस्तै परामर्शकर्ता, परामर्शदाता फर्म, एग्रोभेट जस्ता संस्थाहरुलाई सहभागि गराउने नीति अवलम्वन गर्नु पर्दछ ।

यस किसिमको व्यवस्थाबाट सबै तह, तप्का र भौगोलिक क्षेत्रका कृषकहरुमा सेवा पुग्नुका साथै, सेवा प्राप्त गर्ने कृषकहरुको संख्यामा बृद्धि हुने, विविध र बिशिष्ट सेवा पनि प्रदान गर्न सकिने र कृषि सेवालाई निजीकरण गर्ने बाटो पहिल्याउन सकिनेछ ।

यसपछि सरकारी क्षेत्रबाट सहजीकरण, अनुगमन, निरीक्षण, मापदण्ड विकास र गुणस्तर नियन्त्रण तर्फ केन्द्रित हुनु उपयुक्त हुन्छ ।

विश्वव्यापीकरण संगै उपभोक्ताहरुको स्वाद, आनीवानी, चाहना र सोंचमा पनि ठूलो परिवर्तन आएको छ । कृषकहरुको उत्पादन पनि यहि अनुरुप हुनु आवश्यक छ अन्यथा कृषकहरुलाई कृषि पेशा मै रहिरहन सम्भव देखिदैन । माग अनुरुप यस्ता कृषि बस्तु उत्पादन गर्नका लागि कृषकहरुलाई आवश्यक सबै सेवा र क्रियाकलापहरु एक्लो सरकारी निकायबाट मात्रै सम्भव देखिदैन ।तसर्थ, कृषि क्षेत्रको समष्टिगत विकास सरकारी क्षेत्रको एकल प्रयासबाट मात्र सम्भव नहुने हुंदा कृषि प्रसारमा बहुपक्षीय सहकार्य र साझेदारी अर्थात संस्थागत बहुलता ९क्ष्लकतष्तगतष्यलबा एगिचबष्क्ि० र निजीकरण ९एचष्खबतष्शबतष्यल० जस्ता सुधारात्मक कार्यक्रम सशसक्तरुपमा कार्यान्वयनमा ल्याउन आवश्यक देखिन्छ । यसका लागि तुलनात्मक लाभको आधारमा सरकारी संस्था र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, सहकारी संस्था, सामुदायिक संस्था, एग्रोभेट, कृषि उद्योग, कृषि व्यवसायी तथा अन्य निजीक्षेत्रहरु बीचको सहकार्य र साझेदारीमा कृषि प्रसार कार्यक्रमहरु कार्यान्वयन गर्न सकिन्छ । यस परिप्रेक्षमा कृषि विकासमा संलग्न विभिन्न निकायहरु बीच सामञ्जस्यता कायम गर्दै कृषि प्रसारले अघि बढ्नु पर्ने स्थिति भएकोले नेपाल सरकारको नीति, कार्यविधि र नर्म्स पनि स्पष्टका साथ निर्दिष्ट हुनुपर्ने देखिन्छ ।यसमा सरकारी निकायबाट कुनै किसिमको नीतिगत तथा कानूनी व्यवधान हुनु हुदैन । यस किसिमको कृषि प्रसार व्यवस्थाबाट निम्न किसिमका फाइदाहरु हासिल गर्न सकिन्छ :

- कृषकहरुलाई आवश्यक सबै किसिमका सेवा उपलब्ध हुने;
- कृषिमा निजी क्षेत्रको सहभागिताका लागि उपयुक्त नीति निर्माण तथा काम गर्ने वातावरण सिर्जना हुने;
- परिपुरक र प्रतिस्पर्धी निजी क्षेत्रको विकासमा टेवा पुग्ने;
- गैरसरकारी क्षेत्रका प्रसार सेवा प्रदायकहरुलाई सरकारी क्षेत्रको प्रसारसँग परिपूरक, सहयोगी र साभ्केदारको रुपमा रही कार्य गर्न प्रोत्साहन हुने;
- सरकारी मात्र नभएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी तथा निजी क्षेत्रहरुको पनि कृषि विकास कार्यमा महत्व, स्वामित्व, सकृयता र योगदानमा बृद्धि हुने;
- धेरै कृषक परीवारहरुलाई समेट्न सकिने;
- सीमित साधन र श्रोतको सदुपयोग हुनुको साथै साभ्केदारी र सहकार्यलाई पनि प्रोत्साहन प्रदान गर्ने;
- सेवाग्राहीलाई प्रदान गर्ने सेवा निर्धारित प्रकृया तथा परिमाण र प्राविधिक मापदण्डका आधारमा निर्दिष्ट हुने;
- कार्यक्रम कार्यान्वयनमा सहजता, सरलता र पारदर्शिता हुने;
- कार्यक्रमहरुको कार्यान्वयनमा एकरुपता तथा प्रभावकारिता आउने;
- कृषि बिकास कार्यक्रममा घट्दो सरकारी लगानीको समस्यालाई सम्बोधन गर्न सकिने अर्थात कृषि बिकास कार्यक्रममा आवश्यक खर्च जुटाउन सकिने;
- कृषि बिकास कार्यक्रममा लगानी र मानवीय श्रोतमा बृद्धि हुने;
- कृषि बिकास कार्यका लागि निजी क्षेत्रको सकृयतामा बृद्धि हुने र सरकारी क्षेत्र माथिको परनिर्भरतामा कमी आउने;
- प्रविधि प्रसारमा तीब्रता आउने;
- कृषकहरुको क्षमता अभिबृद्धि हुने;
- कृषकहरुको जीवनस्तरमा सुधार हुने; र
- देशको आर्थिक मेरुदण्डकोरुपमा रहेको कृषि बिकासमा टेवा पुग्ने ।

स्थानीय तहका सरकारी निकायबाट गैर सरकारी तथा निजीक्षेत्र संग सहकार्य र साभ्केदारीमा पारदर्शी ढंगले कृषि प्रसार कार्यक्रमहरु संचालन गर्ने नीति अवलम्वन गर्नु पर्दछ । उदाहरण - कुनै कृषि प्रशोधन उद्योगका लागि बृहतक्षेत्रमा आवश्यक कच्चा पदार्थ उत्पादनका लागि कृषकहरुलाई उत्प्रेरित गर्न उद्योग र स्थानीय सरकारी कृषि निकाय बीचको सहकार्यमा तरीका प्रदर्शन, नतिजा प्रदर्शन, उत्पादन प्रदर्शन, कृषक पाठशाला, प्रदर्शन फार्म र बाली प्रणाली सिकाई जस्ता कृषि प्रसारका कार्यक्रमहरु संचालन गर्न सकिन्छ । यसबाट कृषक र स्थानीय कृषिका निकाय मात्र नभएर उद्योग पनि लाभान्वित हुने भएकाले उद्योगका तर्फबाट कृषि प्रसार कार्यक्रम संचालनका लागि आवश्यक पर्ने बजेट तथा अन्य सहयोग जुटाउन सकिन्छ ।

उद्देश्य : कृषि प्रसारमा संस्थागत बहुलता ९क्लकतष्तगतष्यलर्बा एगिचबष्कि० र निजीकरण ९एचष्खबतष्शबतष्यल० जस्ता सुधारात्मक कार्यक्रम सशसक्तरुपमा कार्यान्वयनमा ल्याई कृषकहरुको कृषि प्रसार सेवाको पहुंचमा बृद्धि गर्ने ।

कार्यविधि : यसका लागि देहाय बमोजिमका कृयाकलापहरु संचालन गर्ने :

- सम्भाव्य सेवा प्रदायक संघ/संस्था र निजी क्षेत्रको सूची तयार गर्ने;
- सम्भावित यस्ता सेवा प्रदायकहरु बीच कृषि प्रसार सेवा प्रवाह गर्ने बारे व्यापक छलफल गर्ने;
- सेवा प्रवाह गर्ने प्रकृया बारे व्यापक छलफल गर्ने;
- सेवा प्रवाह गर्ने प्रकृयाको खाका (कृषि प्रसार सेवाहरुको सूची, भौतिक, मानवीय र आर्थिक श्रोतको आवश्यक्ता र आपूर्तिको व्यवस्था, कृषि प्रसार कार्यक्रम कार्यान्वयन गर्ने प्रकृया, कार्यक्रमहरुको लक्ष्य, र जवाफदेहिता) तयार गर्ने; र
- स्थानीय कृषि कार्यालय र सेवा प्रदायकहरु बीच उनीहहरुको बिशेषता अनुरुप कृषि प्रसार कार्यक्रम कार्यान्वयनको सम्भ्कौता गर्ने ।

४. समावेशी र सहभागितामूलक कृषि प्रसार

कृषि प्रसार कार्यक्रमलाई बढि प्रभावकारी बनाउन कार्यक्रमको प्रत्येक खुड्किला तथा प्रकृयामा कृषि प्रसार कार्यकर्ता र कृषक दुवैको सहभागिता हुन आवश्यक देखिन्छ । यस किसिमको सहभागितामूलक प्रसारले कृषकहरु बीच सिक्ने प्रक्रियालाई सहज तुल्याइदिन्छ र कृषकहरुको जीवनस्तरमा दिगो सुधार ल्याउन सहयोग पुऱ्याउदछ । सहभागितामूलक कृषि प्रसारको केन्द्रबिन्दु कृषक र कृषकका समस्या नै हुनु पर्दछ । कृषकहरुमा पनि महिला तथा पुरुष कृषक, भूमीहिन कृषि श्रमिक, सिमान्त, साना, मझौला, ठूला र व्यावसायिक कृषकहरु, कृषि व्यवसायी र कृषि उद्यमी सबैको कृषि प्रसारका बिभिन्न कार्यक्रम मार्फत सहभागिता सुनिश्चीत गर्नु पर्दछ ।

विगतका केहि बर्ष देखि कृषक पाठशाला प्रसार विधी अवलम्वन गर्दा कृषकको सहभागिता उल्लेखनियरुपमा बृद्धि भएको मात्र होइन सिक्ने वा अध्ययन गर्ने प्रकृया गहिरो तथा दिगो हुने गरेको पाईएकोछ र स्थानीयस्तरमा नै ज्ञान, सीप र व्यवहारिक अनुभव प्राप्त श्रोत व्यक्तिहरु उत्पादन गर्न सहज भएको छ । यीनका अतिरीक्त सहभागितामूलक प्रसारका निम्न लिखित फाइदाहरु छन् :

- कृषक र कृषि प्राविधिक दुबैलाई अनुभवका आधारमा सिक्ने अवसर प्रदान गर्दछ;
- कृषक र कृषि प्राविधिक दुबैको क्षमता अभिवृद्धि हुन्छ;
- कृषकहरु बीच सिक्ने प्रक्रियालाई सहज तुल्याइ दिन्छ;
- कृषकहरुलाई जीविकोपार्जनमा दिगो सुधारका लागि उपयुक्त निर्णय लिन सक्षम तुल्याउँदछ;
- नयाँ दर्शन, तौरतरिका, भूमिका र संस्थागत परिवर्तनका लागि आवश्यक पर्ने वैचारिक रुपान्तरणलाई समेट्छ;
- निर्णय प्रक्रियामा अपनत्व र स्वामित्व कायम गर्नका लागि सामूहिक निर्णय लिने परिपाटीको विकास गर्दछ;
- मागबाट परिचालित, अधिकारमा आधारित एवं परिणाममुखी सेवा प्रवाह गर्दछ;
- स्थानीय ९क्ष्लमष्नभलयगक० ज्ञानको उपयोग र पुनर्प्राप्तिमा मद्दत गर्दछ;
- स्थानीय स्रोतको परिचालनबाट कृषिका समस्याहरुलाई क्रमशः निदान गर्दै उत्पादन र कृषकहरुको क्षमता बढाउन सघाउ पुऱ्याउँछ;
- सहभागितात्मकरुपमा समस्या पहिचान, योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन गर्ने प्रकृयाको प्रबर्द्धन गर्दछ;
- सहभागिहरुको कार्यक्रम प्रतिको विश्वास, अपनत्व र प्रभावकारीतामा बृद्धि हुन्छ; र
- ठोस उपलब्धि हासिल गर्न सकिन्छ ।

उद्देश्य : सबै किसिमका कृषक र उनीहरुको समस्यामा केन्द्रित कृषि प्रसारका कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

कार्यविधि : यसका लागि देहाय बमोजिमका कृयाकलापहरु संचालन गर्ने :

- बिभिन्न किसिमका कृषक र व्यवसायीहरु (महिला तथा पुरुष कृषक, भूमीहिन कृषि श्रमिक, सिमान्त, साना, मझौला, ठूला र व्यावसायिक कृषकहरु, कृषि व्यवसायी र कृषि उद्यमीहरु) को सूची तयार गर्ने;
- यस्ता कृषक र व्यवसायीहरु संग उनीहरुका समस्या बारे व्यापक छलफल गर्ने;
- समस्यामा आधारीत कृषि प्रसारका कार्यक्रमहरु कार्यान्वयन गर्ने बारे व्यापक छलफल गर्ने;
- कृषि प्रसारका कार्यक्रमहरु कार्यान्वयन गर्ने प्रकृया बारे व्यापक छलफल गर्ने;

- कार्यक्रमहरु कार्यान्वयन गर्ने प्रकृयाको खाका (कृषि प्रसार सेवाहरुको सूची, भौतिक, मानवीय र आर्थिक श्रोतको आवश्यक्ता र आपूर्तिको व्यवस्था, कृषि प्रसार कार्यक्रम कार्यान्वयन गर्ने प्रकृया, कार्यक्रमहरुको लक्ष्य, र जवाफदेहिता) तयार गर्ने; र
- स्थानीय कृषि कार्यालय र सेवाग्राही कृषक/व्यवसायीहरु बीच कृषि प्रसार कार्यक्रम कार्यान्वयन बारे सम्झौता गर्ने ।

५. कृषक बर्गीकरण परिलक्षित कृषि प्रसार

कृषिमा संलग्न नेपाली कृषकहरुमा धेरै नै विविधता छ । जमीनको स्वामित्वको दृष्टिकोणले सीमान्त, साना र मझौला देखि लिएर ठूला कृषकहरु सम्म छन् । त्यस्तै, प्रत्यक्ष वा अप्रत्यक्षरुपमा खेती गर्ने प्रकृयाका आधारमा आफ्नो जग्गामा प्रत्यक्षरुपमा आफै खेती गर्ने कृषक, अरुको जग्गामा अधिंयाकारुपमा खेती गर्ने कृषक, मोहिकारुपमा खेती गर्ने र जग्गा करारमा लिई खेती गर्ने जस्ता कृषकहरु पनि छन् । यसमा भूमीहिन कृषि श्रमिकहरुलाई पनि नजरअन्दाज गर्न सकिदैन जस्को संलग्नताविना खेतीपाती सहज हुन सक्दैन । जस्तै युवाहरुलाई रोजगारी प्रदान गर्न र आय आर्जन बृद्धि गर्नका लागि कार्यान्वयनमा रहेको युवा स्वरोजगार कार्यक्रमले भूमीहिन युवालाई समेट्दैन अर्थात यो कार्यक्रममा सहभागि हुन जग्गाको स्वामित्व आवश्यक पर्दछ । त्यस्तै बैंकहरुबाट कर्जा लिन जग्गा वा अन्य सम्पत्ती धितो राख्नु पर्दछ र यस्ता सुविधाका लागि भूमीहिनहरु बन्चित रहन्छन् ।

कतिपय अवस्थामा प्रकृयागत वा कार्यगत वा प्राथमिकता वा केन्दबिन्दुको हिसावले पनि सबैखाले कृषकहरुलाई समावेश गर्न सकिएको हुदैन । जस्तै - सरकारका अधिकांस कृषि विकासका कार्यक्रमहरुमा मुख्यरुपमा पुरुषहरुको नै सहभागिता रहेको देखिन्छ जवकि कृषि क्षेत्रमा सबैभन्दा बढि संलग्नता महिलाहरु कै हुन्छ । त्यस्तै कुनै समुदायमा सिंचित क्षेत्रमा आधारीत कार्यक्रम संचालन गर्दा पाखोबारी मात्र भएका कृषकहरु र भूमीहिन कृषकहरु वन्चित हुन जान्छन् । साना कृषकमा मात्र कार्यक्रम केन्द्रित गर्दा सिमान्त, मझौला र ठूला कृषकहरु वन्चित हुन जान्छन् । जव सम्म यी सबैलाई कृषि प्रसारले समाहित गर्न सक्दैन कृषि विकासका प्रयासहरु प्रभावकारी र पूर्ण हुन सक्दैनन् । सबै किसिमका कृषक र भौगोलिक क्षेत्रलाई समेट्न सकिएमा देशमा दिगो कृषि विकास हुन सक्दछ । नेपाल कृषि प्रसार रणनीति, २०६३ ले पनि यस्ता कुराहरुलाई औंल्याएको छ ।

उद्देश्य : कृषकहरुका किसिम अनुरुप कृषि प्रसारका कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

कार्यविधि : यसका लागि देहाय बमोजिमका कृयाकलापहरु संचालन गर्ने :

- बिभिन्न किसिमका कृषक र व्यवसायीहरु (महिला तथा पुरुष कृषक, भूमीहिन कृषि श्रमिक, सिमान्त, साना, मझौला, ठूला र व्यावसायिक कृषकहरु, अरुको जग्गामा अधिंयामा वा करारको जग्गामा खेती गर्ने कृषक, मोहिकारुपमा खेती गर्ने कृषक, खेत र पाखोबारी भएका कृषक, कृषि व्यवसायी र कृषि उद्यमीहरु) को सूची तयार गर्ने;
- यस्ता कृषक र व्यवसायीहरु संग उनीहरुका समस्या बारे व्यापक छलफल गर्ने;
- समस्यामा आधारीत कृषि प्रसारका कार्यक्रमहरु कार्यान्वयन गर्ने बारे व्यापक छलफल गर्ने;
- कृषि प्रसारका कार्यक्रमहरु कार्यान्वयन गर्ने प्रकृया बारे व्यापक छलफल गर्ने;
- कार्यक्रमहरु कार्यान्वयन गर्ने प्रकृयाको खाका (कृषि प्रसार सेवाहरुको सूची, भौतिक, मानवीय र आर्थिक श्रोतको आवश्यक्ता र आपूर्तिको व्यवस्था, कृषि प्रसार कार्यक्रम कार्यान्वयन गर्ने प्रकृया, कार्यक्रमहरुको लक्ष्य, र जवाफदेहिता) तयार गर्ने; र
- कृषहरुको बर्गिकरण अनुरुप बिभिन्न किसिमका कृषि प्रसारका कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

६. नतिजा उन्मुख कृषि प्रसार

कृषि विकासको चारवटा पांग्रामा कृषि शिक्षा, कृषि अनुसन्धान, कृषि प्रसार र कृषक  मानिन्छन् । कुनै पनि पांग्रा कमजोर भएमा गाडी अगाडी बढ्न सक्दैन । गाडीलाई गन्तव्यमा पुऱ्याउन सबै पांग्रा ठिक हुन जरुरी छ । यी चारै पांग्रामा सवार गराईने कृषि प्रसार लक्ष्यमुखिको सट्टा नतिजा उन्मुख भएमा मात्र गन्तव्यमा पुग्न सक्दछ ।

कृषकका समस्या पहिचान गर्ने, समस्या समाधानार्थ उक्त समस्या कृषि अनुसन्धान सम्म पुऱ्याउने र अनुसन्धानबाट समस्या समाधान गर्नका लागि प्राप्त नतिजा कृषक समक्ष पुऱ्याउने पुलको काम गर्न कृषि प्रसारको भूमिका महत्वपूर्ण हुन्छ । कृषि विकासको चूरो भनेको नै प्रसारले कृषकको परिवेशको गहन अध्ययन गरी पहिचान गरीएका कृषकका समस्याहरु हुन् यीनै समस्याका आधारमा नै कृषि अनुसन्धानले अनुसन्धान कार्यहरु गर्ने भएकाले कृषि विकासमा कृषि प्रसारको अहम् भूमिका हुन्छ । कृषि प्रसारका कुनै पनि कार्यको असर श्रृंखलाबद्ध र बृहद हुन्छन् । तसर्थ, कृषि प्रसारका कार्यक्रमहरु नतिजा उन्मुख हुन जरुरी छ अर्थात कृषि प्रसारका कुनै पनि कार्य लक्ष्य उन्मुखको सट्टा नतिजा उन्मुख हुन जरुरी छ । यसमा कृषक पाठाला र कृषक पाठशालामा सहभागि अगुवा कृषकहरुद्वारा किसानदेखि किसान कार्यक्रम सञ्चालन व्यवस्था पनि गर्न सकिन्छ ।

एउटा सानो दृष्टान्त - कुनै निश्चित स्थानका कृषकको जीवनस्तर दयनीय देखिन्छ । कृषि प्रसारको अध्ययनबाट यसको कारणमा बालीको न्यून उत्पादकत्व भएको पत्ता लाग्दछ । उक्त समस्या बारे कृषि अनुसन्धानबाट अनुसन्धान हुंदा यसको मूल कारण कुनै निश्चित रोग भएको र रोकथामका लागि रोग अवरोधक जात लगाउने सिफारीस हुन्छ । यस अवस्थामा कृषि प्रसारको लक्ष्य सिफारीस भएको नयां जातले खेती गरीरहेको पुरानो जातलाई प्रतिस्थापन गर्ने र उक्त नयां जातको क्षेत्र विस्तार गर्ने हुनु पर्दछ । अर्थात प्रसारले यस्ता तरीकाहरु अवलम्वन गर्नु पर्दछ जस्ले गर्दा कृषकहरुले उक्त जातलाई ग्रहण गरुन र त्यसको क्षेत्र बिस्तार होस ।

उद्देश्य : नतिजा उन्मुख कृषि प्रसारका कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

कार्यविधि : यसका लागि देहाय बमोजिमका कृयाकलापहरु संचालन गर्ने :

- कृषक र व्यवसायीहरुको सहभागितामा उनीहरुका समस्या बारे व्यापक छलफल गर्ने;
- प्राथमिकताक्रम अनुसार समस्याहरुको सूची तयार गर्ने;
- समस्यामा समाधान गर्नका लागि स्पष्टरुपमा नतिजा देखाउने कृषि प्रसारका कार्यक्रमहरु कार्यान्वयन गर्ने बारे व्यापक छलफल गर्ने;
- कृषि प्रसारका यस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने प्रकृया बारे व्यापक छलफल गर्ने;
- कार्यक्रमहरु कार्यान्वयन गर्ने प्रकृयाको खाका (कृषि प्रसार सेवाहरुको सूची, भौतिक, मानवीय र आर्थिक श्रोतको आवश्यक्ता र आपूर्तिको व्यवस्था, कृषि प्रसार कार्यक्रम कार्यान्वयन गर्ने प्रकृया, कार्यक्रमहरुको लक्ष्य, र जवाफदेहिता) तयार गर्ने; र
- नतिजामुखी कृषि प्रसार कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

७. तरीका प्रदर्शन

कृषि सम्बन्धि उन्नत तरीका, सीप वा प्रविधि कृषि प्रसार प्राविधिकले कृषकहरुको भेलामा आफै गरी देखाई सिकाउने प्रकृयालाई तरीका पदर्शन भनिन्छ । आवश्यक परेमा तरीकाहरुको अभ्यास दोहऱ्याएर गर्नु पर्दछ । तरीका प्रदर्शन गर्दा क्रमैसंग तरीका सिकाउने गर्नु पर्दछ । तरीका प्रदर्शन गर्ने क्रममा कृषकहरुबाट प्रश्नोत्तर गराइएमा प्रदर्शन बढि प्रभावकारी हुन्छ । तत्पश्चात प्रत्येक सहभागीलाई सिकाईएका तरीका, सीप वा प्रविधि पालैपालो अभ्यास गर्ने मौका दिनु पर्दछ । तसर्थ तरीका प्रदर्शनका लागि २० जना भन्दा बढि सहभागी उपयुक्त हुदैन । तरीका प्रदर्शन कृषकका समस्या समाधान गर्ने उद्येश्यले गर्नु पर्दछ ।

उद्देश्य : कृषकहरुलाई कृषि सम्बन्धि उन्नत तरीका, सीप वा प्रविधि गर्ने तरीका सिकाउने ।

कार्यविधि : यसका लागि देहाय बमोजिमका कृयाकलापहरु संचालन गर्ने :

- समाधान गर्नु पर्ने समस्याको पहिचान गर्ने ।
- प्रदर्शन गर्ने उन्नत तरीका, सीप वा प्रविधिको गहन बिश्लेषण गर्ने अर्थात सिकाउन खोजिएको कुरा कृषकहरुका लागि कत्तिको महत्वपूर्ण छ ? के कृषकहरु यसको अनुशरण गर्न सक्षम छन् ? के यो तरीका, सीप वा प्रविधिका लागि आवश्यक सामग्री स्थानीयस्तरमा उपलब्ध छ ? आदि कुराहरुको बिचार गर्नु पर्दछ ।
- प्रदर्शन स्थलमा जानु भन्दा अघि प्रदर्शनको लागि आवश्यक सम्पूर्ण सामग्री तयार गर्ने ।
- प्रदर्शन स्थलमा जानु अघि प्रदर्शनको अभ्यास आफैले दुई चार पटक गर्ने ।
- प्रदर्शन गरेर देखाउंदा बोल्ने बिषयहरुको टिपोट बनाउने ।
- उपस्थित सबै कृषकहरुलाई स्वागत गर्दै प्रदर्शनमा के देखाउन खोजेको हो भन्ने कुरा स्पष्टरुपमा बुझाई प्रदर्शनको शुरुवात गर्ने ।
- सबैले राम्ररी देख्न सक्ने गरी प्रदर्शन गर्ने व्यवस्था गर्ने ।
- प्रदर्शन संचालन गर्दा कृषकहरुलाई समय समयमा प्रश्न सोधी उनीहरुले बुझे नबुझेको बिचार गर्ने र नबुझेको महसुस भए पुनः बुझाउने ।
- प्रदर्शनको उपलब्धि कसरी मूल्यांकन गर्ने भन्ने बारे कृषकहरुलाई बताउने । जस्तै बीउको उपचार गर्ने तरीका बारे तरीका प्रदर्शन गरेको हो भने सहि उपचार पश्चात निर्दिष्ट रोग बालीमा देखा पर्नु हुंदैन ।
- अन्तमा कृषकको मन्तव्य र राय सुन्ने र आफ्नो प्रतिक्रिया सहित सबैलाई धन्यवाद दिई प्रदर्शन समापन गर्ने ।

८. नतिजा प्रदर्शन

कृषकहरुकै खेतबारीमा कुनै नयाँ प्रविधिको महत्व सिद्ध गरी नयाँ र पुरानो प्रविधिको तुलनात्मक नतिजा कृषकहरूलाई देखाउनका लागि नतिजा प्रदर्शन सञ्चालन गर्नु पर्दछ । नतिजा प्रदर्शन कृषकका समस्या समाधान गर्ने उद्येश्यले गर्नु पर्दछ । खाद्यान्न बाली, दाल, तेलहन, कपास तथा अन्य बालीहरूमा एकै पटक एक अथवा एक भन्दा वढी प्रविधिहरूको तुलना गरी देखाउन पनि यो शैक्षिक तरिका प्रयोग गर्न सकिन्छ तर कुनै एउटा समस्यालाई मात्र लिएर नतिजा प्रदर्शन गर्दा प्राप्त हुने नतिजा सर्वसाधारण कृषकहरुलाई प्रष्टसंग देखाउन सकिने भएकोले एउटा समस्यालाई मात्र लिएर गर्दा नतिजा प्रदर्शन बढि प्रभावकारी हुन्छ । जस्तै - पंक्तिमा रोप्ने तरीका र छरुवा गरी रोप्ने तरीकाको तुलनात्मक नतिजा देखाउने, स्थानीय र उन्नत जातको उत्पादकत्वको नतिजा देखाउने वा तुलना गर्ने आदि । नतिजा प्रदर्शन मधेश र भित्रि मधेशमा २ कठ्ठा र अन्य क्षेत्र (हिमाल, पहाड र काठमाण्डौ उपत्यका) मा १ रोपनी क्षेत्रफलमा सञ्चालन गर्नु पर्दछ । नतिजा प्रदर्शन कृषि प्रसार प्राविधिकको रेखदेखमा कृषकहरुको सहभागितामा कृषकहरुलाई नै गर्न लगाउनु  पर्दछ । धेरै संख्या भन्दा थोरै तर स्तरीय र प्रदर्शनको मूलभूत सिद्धान्त र प्रकृया अनुरुप प्रदर्शन सञ्चालन गर्ने नीति अवलम्बन गरी वहुसंख्यक कृषकहरूलाई लाभान्वित गराउनु पर्दछ ।

उद्देश्य : नयाँ र पुरानो प्रविधिको नतीजा तुलना गरी नयाँ प्रविधिको उपयुक्तता सिद्ध गर्ने ।

कार्यविधि : यसका लागि देहाय बमोजिमका कृयाकलापहरु संचालन गर्ने :

- नतिजा प्रदर्शनको लागि जग्गा छनौट गर्दा सबैले सजिलैसँग देख्न र निरीक्षण गर्न सक्ने सडकको छेउछाउको जग्गा छनौट गर्ने । जग्गा छनौट गर्दा छाडा गाईबस्तुले बाली नोक्सान नपुऱ्याउने जग्गा छनौट गर्ने तर्फ ध्यान पुऱ्याउने ।
- प्रदर्शन प्लटमा निम्न विवरण सहितको डिस्प्ले वोर्ड राख्ने व्यवस्था गर्ने :
  - प्रदर्शनको किसिम :
  - कृषकको नाम :
  - बालीको नाम/जात :
  - क्षेत्रफल :

- ➢ मलखादको मात्रा :
- ➢ आरम्भ गरेको मिति आदि

- कृषकलाई प्रदर्शनका लागि आवश्यक सामग्रीका साथमा डिस्प्ले वोर्ड र प्रदर्शनको किसिम, प्रदर्शनमा प्रयोग हुने बीउको नाम, जात, बीउ लगाउने समय, गोडमेल र मलजल गर्ने समय, कटानी गर्ने समय, अनुमानित उत्पादन, प्रदर्शनबाट आशा गरिएको उपलब्धी आदि विवरण भएको पर्चा उपलब्ध गराउने ।
- सम्पूर्ण सामग्री जुटाई सकेपछि नजिकका कृषकहरूको भेला गरी प्रदर्शन कार्यको थालनी गर्ने ।
- प्रदर्शनका क्रममा भएगरेका सबै काम कुराहरूको अभिलेख राख्ने । जस्तैः वर्षा भएको दिन, रोग कीरा लागेको भए सोको विवरण आदि ।
- मूख्य मूख्य क्रियाकलापहरु वा बालीको बिशेष स्थिति अवलोकन गर्ने समयमा प्रदर्शन प्लटमा कृषकहरूको भेला गरी क्रियाकलापहरु वा बाली स्थितिको अवलोकन गराउने ।
- कृषि प्रसार प्राविधिकले कृषकको नाम, ठेगाना, बीउ लगाईएको समय, प्रयोग भएको मलखादको मात्रा र समय, प्रयोग गरिएका प्रविधिहरू र मिति/समय, प्रदर्शन प्रति कृषकहरुको धारणा जस्ता विवरणहरू रेकर्ड गर्ने ।
- प्रदर्शनको नतिजा प्राप्त हुने समयमा प्रदर्शन प्लटमा २० देखि ३० कृषकहरुको भेला आयोजना गरी नतिजा देखाउने र नौलो प्रविधि ग्रहण र अवलम्वन गर्न सबैलाई उत्प्रेरण गर्ने ।
- प्रदर्शन प्लटबाट प्राप्त रेकर्ड विश्लेषण गरी त्यसको सकारात्मक नतिजा अन्य कृषकहरूमा पनि विस्तार गर्ने ।

९. उत्पादन प्रदर्शन

उत्पादन प्रदर्शन पनि कृषकका समस्या समाधान गर्ने उद्येश्यले गर्नु पर्दछ । उत्पादन प्रदर्शन बढि क्षेत्रफलमा गरीने भएकोले सामान्यतया सबैले यस्तो प्रदर्शन टाढैबाट देखेर प्रदर्शन प्रति धेरै कृषकहरुको आकर्षण हुने भएकोले उत्पादन प्रदर्शन गरीन्छ । यसका अतिरीक्त प्रदर्शनको क्षेत्रफल पनि ठूलो हुने भएकोले एक वा एक भन्दा वढी प्रविधिहरूको तुलना गरी देखाउन पनि यो शैक्षिक तरिका प्रयोग गर्न सकिन्छ र बढि क्षेत्रफलबाट बढि परिमाणमा उत्पादन प्राप्त हुने भएकाले नतिजा पनि प्रष्टसंग देखाउन सकिन्छ । उत्पादन प्रदर्शन मधेश र भित्रि मधेशमा ६ कठ्ठा र अन्य क्षेत्र (हिमाल, पहाड र काठमाण्डौ उपत्यका) मा ३ रोपनी क्षेत्रफलमा सञ्चालन गर्नु पर्दछ । धेरै संख्या भन्दा थोरै तर स्तरीय र प्रदर्शनको मूलभूत सिद्धान्त र प्रकृया अनुरुप प्रदर्शन सञ्चालन गर्ने नीति अवलम्बन गरी वहुसंख्यक कृषकहरूलाई लाभान्वित गराउनु पर्दछ ।

उद्देश्य : एकभन्दा बढि प्रविधिहरूको संयुक्त प्रयोगको उपयुक्तता देखाई कृषकहरूलाई उक्त प्रविधि तर्फ आकर्शित गर्ने ।

कार्यविधि : यसका लागि देहाय बमोजिमका कृयाकलापहरु संचालन गर्ने :

- नतिजा प्रदर्शनको लागि जस्तै प्रदर्शन प्लट र क्षेत्र छनौट गरी कृषकको सहभागितामा प्रदर्शन आरम्भ गर्ने ।
- प्रदर्शन प्लटमा निम्न विवरण सहितको डिस्प्ले वोर्ड राख्ने व्यवस्था गर्ने :
  - ➢ प्रदर्शनको किसिम :
  - ➢ कृषकको नाम :
  - ➢ बालीको नाम/जात :
  - ➢ क्षेत्रफल :
  - ➢ मलखादको मात्रा :
  - ➢ आरम्भ गरेको मिति आदि
- कृषकलाई प्रदर्शनका लागि आवश्यक सामग्रीका साथमा डिस्प्ले वोर्ड र प्रदर्शनको किसिम, प्रदर्शनमा प्रयोग हुने बीउको नाम, जात, बीउ लगाउने समय, गोडमेल र मलजल गर्ने समय, कटानी गर्ने समय, अनुमानित उत्पादन, प्रदर्शनबाट आशा गरिएको उपलब्धी आदि विवरण भएको पर्चा उपलब्ध गराउने ।
- सम्पूर्ण सामग्री जुटाई सकेपछि नजिकका कृषकहरूको भेला गरी प्रदर्शन कार्यको थालनी गर्ने ।

- प्रदर्शनका क्रममा भएगरेका सबै काम कुराहरूको अभिलेख राख्ने । जस्तैः वर्षा भएको दिन, रोग कीरा लागेको भए सोको विवरण आदि ।
- मूख्य मूख्य क्रियाकलापहरु वा बालीको बिशेष स्थिति अवलोकन गर्ने समयमा प्रदर्शन प्लटमा कृषकहरूको भेला गरी क्रियाकलापहरु वा बाली स्थितिको अवलोकन गराउने ।
- कृषि प्रसार प्राविधिकले कृषकको नाम, ठेगाना, बीउ लगाईएको समय, प्रयोग भएको मलखादको मात्रा र समय, प्रयोग गरिएका प्रविधिहरू र मिति/समय, प्रदर्शन प्रति कृषकहरुको धारणा जस्ता विवरणहरू रेकर्ड गर्ने ।
- प्रदर्शनको नतिजा प्राप्त हुने समय अर्थात बाली कटानी गर्ने बेलामा प्रदर्शन प्लटमा २० देखि ३० कृषकहरुको भेला आयोजना गरी नतिजा देखाउने र नौलो प्रविधि ग्रहण र अवलम्वन गर्न सबैलाई उत्प्रेरण गर्ने ।
- प्रदर्शन प्लटबाट प्राप्त रेकर्ड विश्लेषण गरी त्यसको सकारात्मक नतिजा अन्य कृषकहरूमा पनि विस्तार गर्ने ।

१०. कृषक दिवस

ज्ञानोपार्जन वा सिकाईको सिद्धान्त अनुसार पढेका कुरा १० प्रतिशत, सुनेका कुरा १० प्रतिशत, देखेका कुरा ३० प्रतिशत, सुनेका र देखेका कुरा कुरा ५० प्रतिशत, कुराकानी गर्दा भनेका कुरा ७० प्रतिशत, र गरेका कुराबाट ९० प्रतिशत सम्म ज्ञानोपार्जन गर्न सकिने कुरा उजागर गरेकोछ । कृषकहरुले सुनेको भन्दा आफ्नै आंखाले देखेका कुराहरुमा बढि बिश्वास र अनुकरण पनि गर्ने भएकाले यस्ता कृयाकलापहरु कृषकहरुलाई प्रत्यक्ष्यरुपमा देखाउन कृषि फार्म वा अनुसन्धान केन्द्रहरुमा कृषक दिवस कार्यक्रमको आयोजना गर्नु पर्दछ । यस क्रममा फार्म वा केन्द्रका बिशेषज्ञ र बैज्ञानिकहरूसंग कृषकहरुको अन्तरक्रिया पनि गराउनु पर्दछ । कृषक दिवस स्थानीय कृषि कार्यालयबाट कार्यान्वयन भैरहेका कृषि विकास तथा कृषि प्रसारका कार्यक्रमहरुसंग सम्बन्धित हुनु पर्दछ अर्थात कृषकहरु आफै संलग्न भैरहेका कार्य वा तरीकाहरु वा तीनको प्रतिफल कृषि फार्म वा अनुसन्धान केन्द्रहरुमा अवलोकन गराउनु पर्दछ । अन्यथा दिवसको सार्थकता रहदैन । यसबाट कृषकहरुमा नयां प्रविधि प्रति आत्मविश्वास जगाउंदछ र उनीहरुलाई जाने वा सिकेका कुराहरु छरछिमेकमा प्रसार गर्न उत्प्रेरण गर्दछ ।

उद्देश्य : कृषकहरूलाई नयाँ प्रविधि तर्फ आत्मविश्वास जगाउने ।

कार्यविधि : यसका लागि देहाय बमोजिमका कृयाकलापहरु संचालन गर्ने :

- स्थानीय कृषि कार्यालयबाट कार्यान्वयन गरीएका कृषि विकास वा कृषि प्रसार कार्यक्रममा प्रत्यक्षरुपमा सहभागी र यी कार्यक्रमका प्रभावक्षेत्रका कृषकहरू छनौट गर्ने ।
- सम्बन्धित कृषि फार्म वा अनुसन्धान केन्द्रसंग छलफल गरी कृषक दिवसको मिति, समय र अवलोकन गराउने बिषयबस्तु बारे निर्णय गर्ने ।
- छनौट भएका कृषकहरुलाई कृषि फार्म वा अनुसन्धान केन्द्रमा निर्धारित नतिजा र बिषयबस्तुहरुको अवलोकन गराउने र बिशेषज्ञ र वैज्ञानिकहरुसंग अन्तरक्रिया गराउने ।
- अवलोकन र अन्तरक्रिया पश्चात अवलोकन गरेका कुन कुन प्रविधिहरू अनुकरण गर्न लायक देखिए भन्ने बारे छलफल गरी कार्यक्रम समापन गर्ने ।

११. श्रोत केन्द्र स्थापना

सबै स्थानमा सरकारी फार्म/केन्द्र तथा बीउ, बेर्ना र माछाका भुरा उत्पादन र बिक्रि बितरण गर्ने एग्रोभेटहरु हुदैनन् । तसर्थ स्थानीय कृषक तथा व्यवसायीहरुद्वारा नै श्रोत केन्द्रहरुको स्थापना गरी सहजरुपमा बीउ, बेर्ना र माछाका भुरा उत्पादन र बिक्रि बितरण गर्न प्रोत्साहन गर्ने कार्यक्रम कार्यान्वयन गर्नु पर्दछ ।

उद्देश्य : स्थानीयस्तरमा बीउ, बेर्ना र माछाका भुरा सहजरुपमा उपलब्ध गराउन श्रोत केन्द्र स्थापना गर्न कृषक र व्यवसायीहरुलाई प्रोत्साहित गर्ने ।

कार्यविधि : यसका लागि देहाय बमोजिमका कृयाकलापहरु संचालन गर्ने :

- कुन बाली र बस्तुको श्रोत केन्द्रको आवश्यकता पर्दछ त्यस बारे गहन अध्ययन गर्ने ।
- श्रोत केन्द्रको लागि आवस्यक पूर्वाधार, क्षमता, सामग्री र माउको आवस्यकता तथा खर्च र आम्दानी लेखाजोखा र श्रोत केन्द्रको उत्पादन योजना तयार गर्न कृषक/उद्यमीलाई सहयोग गर्ने ।
- श्रोत केन्द्र स्थापना गर्न ईच्छुक कृषक/उद्यमीलाई स्थानीय कृषि कार्यालयबाट प्राप्त हुने तालिम, सेवा र सुविधाहरू उपलब्ध गराउने ।

१२. साना तथा सुक्ष्म सिंचाइ कार्यक्रम

मधेस र भित्री मधेशमा बढीमा २०० हेक्टर र अन्य क्षेत्र (हिमाल, पहाड र काठमाण्डौं उपत्यकामा बढीमा २५ हेक्टर सम्ममा सिंचाई हुने प्रणालीलाई साना सिंचाई भनिन्छ । बर्षाको पानी संकलन पोखरी, ड्रिप, स्प्रींङ्कलर, लिनारेस, हाइड्राम, रोअरपम्प आदि जस्ता सिंचाई गर्ने तरीका वा प्रविधिलाई सुक्ष्म सिंचाई भन्दछन् । यी कार्यक्रमहरु कृषक वा कृषक समुह वा सहकारी संस्था वा उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्नु पर्नेछ ।

उद्देश्य : कृषक वा कृषक समुह वा सहकारी संस्था वा उपभोक्ता समितिको सहभागितामा सिंचाईका स-साना स्किमहरु कार्यान्वयन गरी उत्पादन वृद्धि गर्ने ।

कार्यविधि : यसका लागि देहाय बमोजिमका कृयाकलापहरु संचालन गर्ने :

- स्कीम पेस गर्न सूचना प्रवाह गर्ने ।
- कृषक वा कृषक समुह वा सहकारी संस्था वा उपभोक्ता समितिबाट निवेदन/दरखास्त लिने ।
- स्थानीय कृषि विकास कार्यालयबाट छनौट भएका स्किमहरु पारित गराउने ।
- लागत इस्टिमेट तयार गर्दा ५ प्रतिशत रकम कन्टिन्जेन्सी बापत छुट्टयाउने ।
- कम्तिमा १५ प्रतिशत रकम वा श्रमदान वा जिन्सी सामग्री कृषक वा कृषक समुह वा सहकारी संस्था वा उपभोक्ता समितिबाट योगदान लिने ।
- सब-इन्जिनियर वा इन्जिनियर वा स्थानीय कृषि कार्यालयका सम्बन्धित प्राविधिक वा प्राविधिकहरुको रेखदेखमा स्किम कार्यान्वयन गराउने ।
- सम्पूर्ण प्रक्रियामा पारदर्शिता अपनाउने ।
- निधारित रकमको सदुपयोग साथ स्किममा खर्च गरी फर फारक गर्ने ।
- कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने ।

१३. बजार व्यवस्था

उत्पादन प्रविधि प्रवर्द्धनका साथै बजार व्यवस्थापन गरिएमा मात्र कृषि विकासका प्रयास दिगो हुन्छ । यसका लागि आवश्यकता अनुरुप संकलन केन्द्र, हाटबजार र थोक बजारको सम्भाव्यता अध्ययन देखि ग्रेडिङ्ग, नापतौल, प्याकेजिङ्ग, लेवलिङ्ग, ढुवानी, भण्डारण, बजार सूचना, कर्जा र बिक्रि वितरण सम्मका कार्यमा प्राविधिक, बस्तुगत र अन्य सहयोग गर्न आवश्यक देखिन्छ ।

१३.१ संकलन केन्द्र/हाटबजारको सम्भाव्यता अध्ययन

नेपालको जस्तो छरीएर उत्पादन गरीने कृषि प्रणालीमा संकलन केन्द्र र हाटबजारको महत्वपूर्ण भूमीका हुन्छ । स्थानीय उत्पादन थलो र बजार लाई दृष्टिगत गरी संकलन केन्द्र र हाटबजारको सम्भाव्यता अध्ययन गर्नु पर्दछ ।

**उद्देश्य :** कृषक वा कृषक समुहले उत्पादन गरेका कृषि बस्तुहरुको बजारमा पहुंच बढाउन संकलन केन्द्र वा हाटबजारको सम्भाव्यता गरी त्यस्ता केन्द्र वा बजारको सम्भाव्य स्थल र तीनको आकार र प्रकारको पहिचान गर्न सहयोग पुऱ्याउने ।

कार्यविधि : यसका लागि देहाय बमोजिमका कृयाकलापहरु संचालन गर्ने :

- सम्भाव्यता अध्ययनका लागि उत्पादन थलो, उत्पादित कृषि बस्तुहरु र उत्पादन हुने समय तथा परिमाण, नजिकको सडकको दुरी, संकलन केन्द्र र हाटबजार स्थापना गर्न सकिने सम्भाव्य स्थलहरुको पहिचान गर्नका लाथि आवश्यक प्रश्नावली तयार गर्ने ।
- कृषक वा कृषक समुह वा सहकारी संस्था वा बजार व्यवसायीलाई संलग्न गरी सम्भाव्यता अध्ययन गर्ने ।
- संकलित तथ्यांङ्कको बिश्लेषण गरी सम्भाव्यता अध्ययनको प्रतिवेदन तयार गर्ने ।
- सम्भाव्यता अध्ययनको प्रतिवेदनमा कृषक वा कृषक समुह वा सहकारी संस्था वा बजार व्यवसायीको भूमीका पनि स्पष्ट उल्लेख गर्ने ।

१३.२ संकलन केन्द/हाटबजारको स्थापना

नेपालको जस्तो छरीएर उत्पादन गरीने कृषि प्रणालीमा संकलन केन्द्र र हाटबजारको महत्वपूर्ण भूमीका हुन्छ । स्थानीय उत्पादन थलो र बजार लाई दृष्टिगत गरी संकलन केन्द्र वा हाटबजार स्थापना गर्नु पर्दछ । यसको लागि व्यापक प्रचार प्रसार गर्नु पर्दछ । स्थापना गर्दा कृषक वा कृषक समुह वा सहकारी संस्था वा बजार व्यवसायीलाई अनिवार्यरुपमा संलग्न गराउनु पर्दछ अन्यथा पछि संरचना वा थलोको व्यवस्थापन र संचालनमा ठूलो व्यवधान र समस्या पर्न आउदछ ।

**उद्देश्य :** कृषक वा कृषक समुहले उत्पादन गरेका कृषि बस्तुहरुको बजारमा पहुंच बढाउन संकलन केन्द्र वा हाटबजारको स्थापना गर्न कृषक र बजार व्यवसायीहरुलाई सहयोग गर्ने ।

कार्यविधि : यसका लागि देहाय बमोजिमका कृयाकलापहरु संचालन गर्ने :

- सम्भाव्यता अध्ययनका आधारमा पहिचान भएको संकलन केन्द्र वा हाटबजार स्थलको लागि आवश्यक जग्गा प्राप्तिकालागि व्यापक छलफल गर्ने ।
- निर्माण कार्यका लागि आवश्यक प्राविधिक, आर्थिक र अन्य श्रोतहरु के कति र कहांबाट जुटाउने भन्ने बारे छलफल गरी लिपिबद्ध गर्ने ।
- निर्माण र सो को अनुगमन गर्ने समिती तथा संकलन केन्द्र वा हाटबजार व्यवस्थापन र संचालन समिती गठन गर्ने ।
- समितीका सदस्यहरुलाई संकलन केन्द्र वा हाटबजार व्यवस्थापन र संचालन सम्बन्धि तालिम प्रदान गर्ने ।
- संकलन केन्द्र वा हाटबजार संचालनका प्रारम्भमा आवश्यक पर्ने अत्यावश्यक उपकरण तथा अन्य सामग्री उपलब्ध गराउने ।